'फोटोकपी बजेट आउने परिपाटी अन्त्य गर्छौं' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २५४ • २०८० साल माघ २७ गते शनिबार (10 Feburary, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# बढुवा कर्मचारीको पदस्थापन
# प्रदेश पदक विधेयक स्वीकृत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेशमा बढुवा भएका कर्मचारीहरुको पदस्थापन गरेको छ। मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले प्रदेशमा बढुवा भएका ९ जना उच्चपदस्थ अधिकृतहरुको पदस्थापन गर्ने निर्णय गरेको छ।

मधेश प्रदेशको स्वास्थ्य मन्त्रालयका ७ जना रहेका छन् भने प्राविधिक र गैर प्राविधिक गरी ९ जना कर्मचारीको पदस्थापना भएको बताइएको छ।

मधेश सरकारले प्रदेश सुशासन विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति दिएको र मधेश पर्यटन विधेयकलाई प्रदेशसभामा पेश गर्न स्वीकृति प्रदान गरेको मधेश प्रदेशका अर्थमन्त्री सञ्जय कुमार यादवले जनाएका छन्।

प्रदेश अनुसन्धान र प्रशिक्षण विधेयक तर्जुमा गर्न पनि सरकारले सहमति दिएको छ। प्रदेश सरकारले प्रदेशमा आवश्यक रहेका कानुनहरु बनाउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको मन्त्री यादवले बताए।

प्रदेशका लागि वातावरण कानुन बनाउन वातावरण विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति बैठकले दिएको छ।

प्रदेश सरकारले सामाजिक विकास निर्देशिकालाई स्वीकृत गरेको मन्त्री यादवले बताए । त्यसैगरि प्रदेशमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुको सम्मानका लागि प्रदेश पदक नियमावली पनि स्वीकृत गरेको छ।

वर्तमान सरकारले विभिन्न क्षेत्रमा क्रियाशील रहेका विभिन्न विधाका हस्तीहरुलाई सम्मान गर्ने तयारी गरे पनि नियमावलीको अभावमा हुन सकेको थिएन। प्रदेश सरकारले स्थापना दिवसको अवसरमा पदक वितरण गर्ने तयारी गरे पनि नियमावली नहुँदा वितरण हुन सकेको थिएन।

'मधेश प्रदेशका अगुवाहरुलाई प्रोत्साहित गर्न सरकारले पदक वितरण गर्ने छ' मन्त्री यादवले भने, मधेश प्रदेशमा रहेर काम गर्नेहरुलाई सरकारले सम्मान गर्ने परम्पराको थालनी गर्न लागेको छ।

मधेश प्रदेशको गठबन्धनबाट जनमत पार्टी बाहिरिएपछि सरकारले विश्वासको मत लिने निर्णयसमेत गरेको छ। 'सरकारले विश्वासको मत लिने निर्णय गठबन्धनका शीर्ष नेताहरुले यसै महिनाको अन्त्य सम्म गर्नेछन्' मन्त्री यादवले भने, संभवतः सरकारले फागुनको ३/४ गतेतिर विश्वासको मत लिने छ।

सरकारसित सम्मानजनक बहुमत रहेको छ। तर गठबन्धन दलका केही नेताले आलोपालोमा सरकारको नेतृत्व गर्ने 'भद्र सहमति'लाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिन थालेका छन्।

तर उच्च स्रोतका अनुसार संघीय सत्ता गठबन्धनमा प्रमुख भूमिका निर्वाह गर्दै आएको जनता समाजवादी पार्टी (जसपा) नेपालले आलोपालोमा अन्य प्रदेशमा सरकार बनाउने सम्भावना नरहेकाले मधेश प्रदेशमा निरन्तरता पाउनेमा नेताहरु विश्वस्त रहेका छन्।

काठमाण्डुमा मधेश प्रदेश गठबन्धनको बिहीबार सम्पन्न बैठकमा मुख्यमन्त्री सरोज कुमार यादवले मन्त्रिपरिषद्को निर्णयबाट मात्र प्रदेशको कामकाज अगाडि बढिरहेको बताएको २४ घण्टा भित्रै बसेको मन्त्रिपरिषद्को बैठकमा सबै मन्त्रीहरु उपस्थित रहेको बताइएको छ।

मधेश प्रदेश सरकारमा जसपा, कांग्रेस, माओवादी केन्द्र, लोसपा र नेकपा एसको अब सहभागिता छ । प्रदेश सरकारबाट जनमत बाहिरिएपछि रिक्त भएको २ मन्त्रालय अहिले ओझेलमा परेको छ। शिक्षा र श्रम तथा यातायात मन्त्रालय मुख्यमन्त्रीको जिम्मामा रहे पनि विगतमा जस्तो कांग्रेस र माओवादीले दाबी गरेको छैन।

माओवादी र कांग्रेसले मुख्यमन्त्री नै ताकेकाले रिक्त रहेको मन्त्रालयमा दाबी नगरेको बताइन्छ । उच्च स्रोतका अनुसार मधेश प्रदेशमा सरकारको नेतृत्व पाँच वर्ष नै जसपाले गर्ने देखिएको छ।

## लोसपा दल नेताविहीन

**टुडे समाचारदाता**

जनकपुरधाम ।ज्यान मुद्दामा सजाय पाएपछि लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) नेपाल मधेश प्रदेश संसदीय दलका नेता अभिराम शर्मा अलप भएपछि नेताविहीन बनेको छ।

लामो समयदेखि लोसपा प्रदेश संसदीय दलको बैठक पनि बसेको छैन । दलको नेताको भूमिका पनि प्रमुख सचेतक रानी शर्माले निर्वाह गरिरहेकी छन। अभिराम शर्मा दलको नेता चयन भए पनि रानी शर्मालाई प्रमुख सचेतक नियुक्त गरेका थिए। अभिराम शर्मा मधेश आन्दोलनताकाको एकजना प्रहरी अधिकारीको हत्यामा दोषी ठहर भएपछि दलको अर्को नेता चयन भएको छैन।

मधेश प्रदेश लोसपाका सचिव रामविनोद चौधरीका अनुसार चाँडै नै संसदीय दलले नेताको चयन गर्ने छ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)

ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा

डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन



☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE








विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite

जाडोमा लिनुपर्ने सावधानीहरु

पानी प्रशस्त पिउने
शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ।

Warm Up गर्ने
शारीरिक व्यायाम सुरु गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि ब्यायाम सूरु गर्ने।

हिंडाइको गति कम गर्ने
चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ।

मदिरा र चुरोट सेवन नगर्ने
जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ।

चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन।

सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण
जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरुरी छ।

धेरै चिल्लो खानेकुरा नखाने
जाडोमा कोलेस्ट्रोल बढने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ।

चिसोमा हिड्दा छाती दुख्नु
मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरुरी हुन्छ।

औषधिको नियमित प्रयोग
मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ।

व्यायमको बेलामा चिसोबाट सुरक्षा
यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ।

कमला नगरपालिका
माची झिटकहिया, धनुषा, मधेश प्रदेश

# राजर्षि जनक विश्वविद्यालयमा दर्शनाचार्यको प्रवेशिका परिक्षा



**टुडे समाचारदाता**

जनकपुरधाम । राजर्षि जनक विश्वविद्यालय जनकपुरधामले दर्शनाचार्य प्रवेश परीक्षा लिएको छ ।

प्राचीन दर्शनशास्त्रमा अध्यापन गर्न इच्छुक ३१ जनाले आवेदन गरेकोमा २२ जना परीक्षामा उपस्थित भएको डिन कार्यालयले जनाएको छ ।

गत वर्ष सूचना गरी आवेदन लिए पनि विश्वविद्यालयको उपकुलपति, रजिष्ट्रारलगायतका पदाधिकारीहरुको पदावधि समाप्त भएकोले प्रवेश परीक्षा स्थगित भएको थियो ।

अमर प्रसाद यादव उपकुलपतिमा नियुक्त भए पश्चात स्थगित रहेको विश्वविद्यालयको गतिविधिलाई संचालनमा लाएका छन् । विगतका निर्णयहरुलाई निरन्तरता दिँदै दर्शनशास्त्रमा दर्शनाचार्यको लागि प्रवेश परीक्षा संचालन गरेको छ । २० सिटका लागि गरिएको सूचनामा २२ जना लिखित परीक्षामा सहभागी भएका थिए । राजर्षि जनक विश्वविद्यालयको नामकरण अनुरुप हिन्दू धर्मशास्त्र लगायत दर्शनशास्त्रको अध्ययन अध्यापनका लागि यस अघि नागरिक समाज, बौद्धिक व्यक्तित्वबाट दबाब सृजना हुँदै आएकोमा उच्च शिक्षा हासिल गर्नेलाई यो अवसर प्राप्त भएको छ । विद्युतीयमाध्यमबाट अध्ययन अध्यापन गराइने जनाएको छ ।

# प्रतिपक्षले उठाएका मुद्दालाई समस्या ठान्नु लोकतन्त्रसम्मत हुँदैन : सांसद पोखरेल

काठमाण्डु । सरकार र जनप्रतिनिधिबीच सार्थक संवाद भई जनताका आवाजको उचित सम्बोधन गराउने मुख्य थलो हो, संसद् । यसैमार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सबल र संस्थागत बनाउन सकिन्छ ।

मोरङ निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद ऋषिकेश पोखरेल उक्त मान्यतामा सरकार र प्रतिपक्ष दुवै स्पष्ट हुनुपर्ने धारणा राख्नुहुन्छ । प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिका सभापति पोखरेल नीति, विधि र प्रमाणका आधारमा सरकारका काम कारबाहीलाई जनताका पक्षमा गतिशील तुल्याउन जोड दिनुहुन्छ । व्यवस्थापन सङ्कायमा स्नातकोत्तर तहको अध्ययन पूरा गर्नुभएका सांसद पोखरेल सहकारी आन्दोलन र ज्येष्ठ नागरिकका अभियन्ताका साथै एमाले मोरङ जिल्ला कमिटीका अध्यक्ष पनि हुनुहुन्छ ।संसद्को गत अधिवेशनमा धेरै कानुन बन्न नसकेको र चालु हिउँदे अधिवेशनलाई प्रभावकारी बनाउन कार्यतालिका ल्याएको सन्दर्भमा यसको कार्यान्वयनमा सरकार सक्रिय हुनुपर्ने उहाँको जोड छ ।

"संसद्लाई बिजनेस दिने काम सरकारको हो । सरकारले बिजनेस नदिएमा सांसदले मात्रै केही गर्न सक्दैन । सामान्यत अधिकतम कानुन निर्माणको तयारीपछि सरकारको सिफारिसमा राष्ट्रपतिबाट संसद् आह्वान गरिन्छ", सांसद पोखरेलले भन्नुभयो, "सरकार कति गतिशील छ । जनताका माग र मुद्दालाई कसरी सम्बोधन गर्छ र कस्ता कानुन, नीति बनाउँछ भन्ने उसको सोच र प्राथकितामा पनि भर पर्छ ।"




संसद्लाई काम दिनु सरकारको काम भएको भन्दै उहाँ यसमा सांसदको भूमिका कम हुने बताउनुहुन्छ । "हामीले जनसरोकारका मुद्दा राखिरहेकै छौँ । यो हुनुपर्छ, त्यो हुनुपर्छ भनिरहेका छौँ", सांसद पोखरेलले प्रश्न गर्नुभयो ।

प्रतिपक्षले बेला-बेलामा विभिन्न विषय उठाएर अवरोध गर्दा पनि कानुन निर्माणले गति लिन नसकेको सरकार पक्षको आरोप छ नि भन्ने प्रश्नमा उहाँले भन्नुभयो, "संसद्मा प्रतिपक्षले अवरोध गर्‍यो भनेर सरकारले गुनासो गर्नु उचित होइन । सदनमा जनताको मुद्दा आउनु त राम्रा हो, त्यसलाई समस्या ठान्नु लोकतन्त्रविरोधी सोच हो ।" जनआवाजलाई मुखरित गर्दा समस्या ठानिनु लोकतान्त्रिक चरित्र नहुने उहाँको भनाइ छ ।

मुलुकमा हाल आर्थिकमन्दी, बेरोजगारी, भ्रष्टाचार र अनियमितताका विषय बढेको जिकिर गर्दै उहाँले राष्ट्रिय गौरवका आयोजनादेखि स्थानीय खानेपानी, विद्यालय भवन र स्थानीय तहका आधारभूत अस्पताल निर्माणका काम प्रभावकारी हुन नसकेको बताउनुभयो । बैंकले एकै वर्षमा वर्षमा चार पटकसम्म ब्याज बढाएर उद्यमी र ऋणीलाई डुबाएको र सहकारी सञ्चालकले बचतकर्तालाई रुँदै सडकमा आउन बाध्य पार्ने स्थिति भएको उल्लेख गर्दै उहाँले दोषीलाई कानुनको दायरामा ल्याउनुपर्ने माग गर्नुभयो । उहाँले मुलुकमा सन्तुलित विकास हुन नसकेको भन्दै त्यसमा सरकारको ध्यानाकर्षणसमेत गराउनुभयो ।

राज्यका तीन अङ्गबीचको सन्तुलन र समन्वयका सवालमा पनि समस्या देखिएको सभापति पोखरेलको अनुभव छ । ती अङ्गबीच एकले अर्काको क्षेत्राधिकारमा हस्तक्षेप हुँदा अर्कोले नबोल्ने हो भने लोकतन्त्र सुदृढ नहुने उहाँको मत छ ।

निर्वाचन क्षेत्र पूर्वाधार विकास कोषका विषयमा ठेकेदार र सञ्चारमाध्यमले गलत भाष्य स्थापित गरेको बताउनुहुँदै उहाँले यो विकासविरोध काम भएको जिकिर गर्नुहुन्छ । संविधानले सन्तुलित विकास र समाजवादोन्मुख अर्थव्यवस्थाको मर्म र भावना बोकेको सन्दर्भमा नेताहरुले अधिक बजेट आफ्नो निर्वाचन क्षेत्र केन्द्रित गर्न खोज्नु लोकतन्त्रको मर्मविपरीत भएको उहाँको भनाइ छ ।

नेता पोखरेलले प्रश्न गर्नुभयो, "असन्तुलित विकासको स्थितिलाई अन्त्य गर्न हरेक निर्वाचन क्षेत्रमा कार्यक्रम र योजनाका आधारमा रु पाँच करोड बराबरको निर्वाचन क्षेत्र विकास कार्यक्रम देऊ भन्दा संविधानविपरीत हुँदैन ।" उक्त कोषबाट त्यहाँका जनताले आवश्यकता ठानेको काम गर्ने भएकाले अबको बजेटमा यसलाई बढाएर रु १० करोड बनाउनुपर्ने र स्थानीय तहलाई अहिले दिइएको बजेट दोब्बर पार्नुपर्ने उहाँको जोड छ । निर्वाचन क्षेत्र विकास कोषमा सिधै रकम अनुदानमा जाँदा कमिसन खान नपाइने भएकाले केही तस्करले यसको विरोध गरेको टिप्पणी गरेको भन्दै उहाँले यस प्रणालीमा कुनै कमजोरी भए सुधारका लागि पनि तयार हुनुपर्ने बताउनुभयो ।

संसदीय समितिमा एउटै विषयमा धेरै समितिले छलफल गर्ने स्थितिप्रति सभापति पोखरेल चिन्तित हुनुहुन्छ । "सबै समितिप्रति हाम्रो समान स्वामित्व हुनुपर्छ । कुनै अर्को समिलिले गरेको निर्णय पनि मेरो समितिले जानकारी र स्वामित्वमा लिनुपर्छ तर हाम्रोमा त्यही विषयमा अर्को समितिले छलफल गर्नु समय र राज्यकोषको दुरुपयोग हो । लुछाचुडी गर्नुपर्ने कुनै आवश्यकता छैन । यस्ता कामले जनप्रतिनिधिलाई कमजोर बनाउँछ । लोकतन्त्रलाई बलियो बनाउँदैन", उहाँले भन्नुभयो । सार्वजनिक लेखा समितिका कतिपय निर्णय कार्यान्वयनको प्रक्रियामा रहेको जानकारी दिँदै उहाँले नीति र विधिलाई अगाडि सार्दै महालेखा परीक्षकको ६०औँ प्रतिवेदनका विषयलाई नौ उपसमिति बनाएर छलफल गरिएको बताउनुभयो ।

हालसम्म लेखा समितिले धितोपत्र, टेरामोक्स, एनसेल शेयर खरिद प्रकरणलगायतका विषयमा दिएका निर्देशनका आधारमा सरकारले काम कारबाही अघि बढाएको र चाँडै परिणाम सार्वजनिक हुने उहाँको अपेक्षा छ । उहाँले लुम्बिनी विकास कोष र समाज कल्याण परिषद्मा भएका कामका विषयमा पनि समितिले अध्ययन गरिरहेको उहाँको भनाइ छ ।रासस

# राष्ट्रिय प्रजातन्त्र दिवस तीन दिन भव्यताका साथ मनाइने

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० लाई तीनदिनसम्म भव्यतापूर्वक मनाउने निर्णय गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा शुक्रबार सिंहदबारमा बसेको प्रजातन्त्र दिवस मूल समारोह समितिको बैठकले दिवसका अवसर पारेर आगामी फागुन ६, ७ र ८ गते विविध कार्यक्रम आयोजना गर्ने निर्णय गरेको हो ।



बैठकले आगामी फागुन ६ गते प्रजातन्त्र दिवस केन्द्रित विशेष संवाद, परिसंवाद, रेडियो नाटकलगायत जनचेतनामूलक कार्यक्रमको निर्माण, सञ्चालन तथा प्रसारण गर्ने व्यवस्था मिलाउने, राष्ट्रियस्तरका छापा सञ्चार गृहलाई दिवसका उपलक्ष्यमा विशेषाङ्क/स्मारिका प्रकाशन एवं प्रजातन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाको सँगालो प्रकाशन गर्न अनुरोध गर्ने निर्णय गरेको छ ।

प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, सङ्घ-संस्थाका कार्यालयका छत, बरन्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरबार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्वलन गरिनेछ । यस्तै सबै जिल्लामा सरकारी तथा गैरसरकारी संस्थाको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने, जिल्लास्तरमा फरक क्षमता भएका विद्यार्थीले अध्ययन गर्ने विद्यालयमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम सञ्चालन गर्ने सरकारको निर्णय छ ।

दिवसका दिन नेपाली सेनाद्वारा सैनिक मञ्च, टुँडिखेलमा बिहान सूर्योदयसँगै बिगुल (रिभ्याली) बजाउने तथा तोप र बन्दुकको बढाइँ गर्ने, सेनाको हेलिकप्टरबाट 'राष्ट्रिय प्रजातन्त्र दिवस, २०८०' अङ्कित ब्यानर चक्रपथ वारपार प्रदर्शन गर्ने तथा नेपाली सैनिक मञ्च, टुँडिखेलमा हेलिकप्टरबाट पुष्पवृष्टि र झन्डा प्रदर्शन गर्ने कार्यक्रम तय भएको छ । सैनिक मञ्च, टुँडिखेलमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० को औपचारिक मूल समारोह आयोजना गर्ने र उक्त समारोहमा निर्वाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षकर्मी सार्वजनिक तथा सामुदायिक सङ्घ-संस्था र शैक्षिक तथा प्राज्ञिक प्रतिष्ठानका पदाधिकारी, नागरिक समाजका लब्ध-प्रतिष्ठित व्यक्तित्व तथा सर्वसाधारण समेतको उपस्थितिका लागि आमन्त्रण गर्ने बैठकको निर्णय छ ।

बैठकले रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट प्रजातन्त्र दिवसका अवसरमा जागरण गीत प्रसारण गर्ने र अन्य रेडियो, एफएम तथा टेलिभिजनहरूलाई समेत प्रसारणका लागि अनुरोध गर्ने निर्णय गरेको छ ।

बैठकले विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासका कार्यक्रमसमेत स्वीकृत गरेको छ । विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासमा आगामी फागुन ६, ७ र ८ गते कार्यालयको छत, बरन्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झन्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्वलन गर्ने मूल समारोह समितिले निर्णय गरेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालका विशिष्ट गौरवमय मौलिक पहिचान तथा विशेषता झल्कने विद्युतीय प्रचार सामग्री समूचित प्रचार-प्रसारका लागि परराष्ट्र मन्त्रालयमार्फत विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा पठाउने बैठकको निर्णय छ ।

बैठकले सातै प्रदेशका मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय 'राष्ट्रिय प्रजातन्त्र दिवस समारोह समिति' र सबै स्थानीय तहमा 'राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति' गठन गरी विविध कार्यक्रमका साथ राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरूपमा मनाउन प्रदेशबासीलाई अनुरोध गरेको छ ।

दिवसको सन्दर्भ पारेर फागुन ६, ७ र ८ गते प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, सङ्घ-संस्थाका कार्यालयको छत, बरन्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झन्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्वलन गर्ने बैठकले निर्णय गरेको छ ।

बैठकले काठमाडौँ उपत्यका बाहिरका जिल्ला सदरमुकाममा आयोजना हुने राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय पालिका प्रमुख सम्मिलित समिति गठन गर्ने र सरसफाइ, प्रभातफेरि, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, सांस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गरी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने निर्णय गरेको छ ।

# एनसेल फोरजी सेवा मधेशमा थप सुधार

**टुडे समाचारदाता**

जनकपुरधाम । आफ्नो फोरजी सेवाको गुणस्तर अझै सुधार गर्ने कामलाई तिब्रता दिदै एनसेलले मधेश प्रदेशका विभिन्न चार जिल्लाका स्थानिय स्तर र क्षेत्रमा फोरजी नेटवर्क सुधार गरेको छ । यससँगै यी क्षेत्रका दुई दर्जनभन्दा बढी स्थानका ग्राहकहरूले अब फोरजीको सुदृढ नेटवर्क र मोबाइल ब्रोडब्याण्डबाट फाइदा लिन सक्छन् ।

आफ्नो सेवाविस्तार गर्दै आधुनिक मोबाइल ब्रोडब्यान्ड कनेक्टिभिटीमा सबैको पहुँच सुनिश्चित गर्ने आफ्नो प्रतिबद्धता बमोजिम एनसेलले यी स्थानहरुका फोरजी सेवामा थप सुधार गरेको हो । फोरजी सेवामा सुधार भएका क्षेत्रहरुमा औराही, बलवा, बटेश्वर, चन्द्रनगर, जनकपुरधाम, लोहरपट्टी, मटिहानी, मिथिला बिहारी, नहरा, नवराजपुर, पिपरा लगायतका स्थानहरु रहेका छन् ।

देशका अन्य स्थानहरुमापनि सेवाको अवस्था हेरि आवश्यक लगानीगर्दै विस्तारित फोरजी सेवामाथप सुधार गर्ने योजना रहेको छ । मधेशसँगै एनसेलले गण्डकी प्रदेशको आँबूखैरेनी, घरपझोङ, फेदीखोला, पोखरा, पुतलीबजार र ताराखोलामा पनि फोरजी नेटवर्क सुधार गरेको छ ।हालै मात्र एनसेलले सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशमा विभिन्न स्थानहरुमा फोरजी सेवा सुधार गरेको थियो ।

सेवाविस्तार र नेटवर्क सुधारसँगै एनसेलले ग्राहकले सुलभ दरमा मोबाइल ब्रोडब्यान्डको पहुँचबाट लाभलिन सक्ने गरी विभिन्न आकर्षक अफरहरू पनि ल्याइरहेको छ । मंगलबार, एनसेलले तीनवटा डबल मजा प्याकहरू संचालनमा ल्याएको छ । यसमाग्राहकले प्याकको भ्यालिडिटी समाप्त हुनुअघि फेरी सोही प्याक खरिद गरेमाडबल डेटा बोनस प्राप्तगरी यसको फाइदा लिन सक्छन् ।

एक जिम्मेवार कर्पोरेट नागरिकका रुपमा एनसेलले मधेश प्रदेशमा विभिन्न व्यवसायिक सामाजिक जिम्मेवारीका आयोजनाहरू पनि कार्यान्वयन गरेको छ जस्तै आधुनिक डिजिटल ल्याबआयोजनाले सरकारी/सामुदायिक विद्यालयहरूका हजारौं विद्यार्थीहरुलाई आधुनिक सिकाइ विधिहरूमा पहुँचका साथ प्रत्यक्ष रूपमा लाभान्वित बनाएको छ भने एडप्ट ए स्कूल कार्यक्रमले विद्यालयका पूर्वाधार विकासमा योगदान गरेको छ ।

म ध ` स प्रदेशमा एनसेलले चार वटा सरकारी विद्यालयमाआधुनिकडिजिटल ल्याब स्थापना गरेको छ भने सात विद्यालयलाई कक्षाकोठा, शौचालयनिर्माण, खानेपानी सुविधा र पुस्तकालय स्थापना गर्न सहयोग गरेको छ ।त्यसैगरी, एनसेलले धनुषाधाममा ३३ हेक्टर जमिनमा ५० हजारभन्दा बढी रुख रोपेको छ भने सीमान्तकृत समुदायका महिलालाई शिक्षित बनाउन वमन एडल्ट लिटरेसी कार्यक्रम सञ्चालन गरेको छ। व्यवसायिक सामाजिक जिम्मेवारी अन्तर्गत एनसेलले हालसम्म देशभर विभिन्न सामाजिक कार्यहरुमा१ अर्ब ८० करोड रुपैयाँभन्दा बढी योगदान गरिसकेको छ ।

एनसेलले आधुनिक प्रविधि र नेटवर्कमार्फत विश्वस्तरीय सेवा र ग्राहक अनुभव प्रदान गर्ने आफ्नो प्रतिबद्धता बमोजिम, ग्राहकहरूलाई उच्चगतिको मोबाइल ब्रोडब्यान्डमा पहुँच सुनिश्चितगर्दै जेठ १८, २०७४ मा काठमाडौं उपत्यकाबाट फोरजी सेवा सुरु गरेको थियो र हाल यो सेवा७७ वटै जिल्लामा विस्तार गरि सकेको छ र कुल जनसंख्याको ९२.०९ प्रतिशत जनतामाझ यो सेवा पुगेको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको तथ्याङ्क अनुसार एनसेलको फोरजी सेवाप्रयोग गर्ने ग्राहकहरूको स॒ख्या असोज सम्ममा ६८ लाख ८५ हजार रहेको छ र भिजिटर लोकेसन रजिस्टर (भीएलआर) तथ्याङ्कको आधारमा एनसेलको बजार हिस्सा ५४.०६ प्रतिशत रहेको छ । सेवामा विस्तार साथै कम्पनीले विभिन्न जिल्लाका टावरमा फोरजी क्षमताको स्तरोन्नति पनि गर्दै आएको छ ।

## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथुन | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |



## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मोरडको बेलबारी नगरपालिकास्थित यहाँको बजारमा बिक्रीका लागि मुढा बुन्दै व्यापारी दलबहादुर थम्देन । तस्बिर : रासस

# अवैध नदीजन्य पदार्थ उत्खनन रोक्न निर्देशन

**टुडे समाचारदाता**

मलंगवा । चुरे दोहनका साथै जिल्लाका विभिन्न नदी, खोलाबाट अवैध रुपमा नदीजन्य पदार्थ उत्खननको कार्य हुँदै आएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले जानकारी दिएका छन् ।

अवैध रुपमा खोलाबाट नदीजन्य पदार्थको कारोबार भइरहेको सूचना पाएपछि सुरक्षा समितिले लालबकैया, दुधौरा, बालगंगा र पसाहा खोलाको स्थलगत अनुगमन गरेको छ ।

राजमार्गसंगै रहेका तथा चोकचोकमा सुरक्षाकर्मीहरुको पोष्ट रहे पनि यसरी हेँदा खोलाको अवस्था राज्य नै नभएको अनुभूति हुने गरी नदी, खोला दोहन भएको छ ।

जितपुरसिमरा उप-महानगरपालिकाले नक्सांकन नै नगरी तथा स्वीकृति प्राप्त गाडी खोलामा नभेटेपछि उत्खनन बन्द गराएको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए ।

यसैगरी लालबकैया खोला किनारमा सञ्चालित नेपाल क्रसर उद्योगले नदी उकासको बिघौं सार्वजनिक जग्गा कब्जा गरी उद्योग सञ्चालन गर्दै आएको छ । यस उद्योगमा अहिले पनि अवैध रुपमा लाखौं घनफिट नदीजन्य पदार्थ मौज्दात रहेको उनले बताए । विगत दुई वर्षदेखि नियमित ठेक्का नलागेको निजगढको यो खोलाबाट बाह्रै महिना नदीजन्य पदार्थको अनियमित दोहन गरी उद्योगमा थुपार्ने र बिक्री गर्ने काम गर्दै आएको छ ।

उद्योगसंग साँठगाँठ राखेको निजगढ नगरपालिकाले अवैध रुपमा संकलन गर्ने नदीजन्य पदार्थमा प्रति घनफिट ९ रुपैयाँ ४ पैसाका दरले रकम असुल्दै वैधता प्रदान गर्दै आएको छ । खोलाको दोहन नियन्त्रण गर्न हामी सबै सरोकारवालाले दोहन नियन्त्रण गर्न कडाइका साथ लाग्नुपर्ने तथा अवैध रुपमा भइरहेको नदी, खोलाको दोहन रोक्न सम्बन्धित निकायलाई निर्देशन गरिएको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए ।

क्रसर उद्योगमा यसरी अवैध रुपमा राखिएको नदी जन्य पद्धार्थको स्रोत खोज्नु पर्ने, त्यसको स्टकसहितका भ्याट हेर्ने सम्बन्धित निकायलाई निर्देशन गर्दै नदी, खोला प्रति नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई निगरानी राख्न पनि निर्देशन दिएका छन् ।


क्रसरले ड्याममको जगसम्म सार्वजनिक जग्गामा खाडल बनाई ढुंगा निकालेर माटो पुरेको देखेपछि खाडल बनाएको नापजाँच गरी कारबाही फाइल आफू कहाँ पेश गर्न सम्बन्धित पालिकालाई ध्यानाकर्षण गरेका छन् । पालिकाले कारबाही नगरे आफूले कारबाही गर्ने उनको भनाइ छ ।

अनुगमनमा जिल्ला समन्वय समितिका उप-सभापति चन्द्रिका सापकोटा उप्रेती, निजगढ नगरपालिकाका नगरप्रमुख सुरथ पुरी, प्रशासकीय अधिकृत अजय बर्तौला, प्रशासन प्रमुख रविन घिमिरे, आलेप दिनेश श्रेष्ठ, इन्जिनियर नवीन घिमिरे, डिभिजन वन कार्यालय बाराका सहायक वन अधिकृत जवाहरलाल प्रसाद कुर्मीलगायतको उपस्थिति थियो ।

# पानीको स्रोतहरु सुक्न थाल्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको उत्तरी क्षेत्रमा पानीको स्रोतहरु सुक्न थालेका छन् । सामान्यतयाः चैत वैशाख महिना देखि हुनु पर्ने समस्या यस पटक माघमै देखिन थालेको छ ।



जिल्लाको उत्तरी क्षेत्र बटेश्वर, मिथिला, धनुषाधाम र गणेशमान चारनाथ नगरपालिकामा नदी, पानी खोल्सी, जरुवा, इनार र चापाकलसहित पानीका स्रोत सुक्न थालेपछि पानीको संकट बढ्न थालेको यस भेगका बासिन्दा बताउँछन् ।

धनुषाको मिथिला नगरपालिका-३, हरिहरपुरका किसान मनोजकुमार महतोले माघमै पानीको स्रोत सुक्नु अनिष्टको संकेत देखिएको बताए । उनले आफैं पनि सिँचाई गर्न खनेको इनार सुकेपछि तरकारीबाली लगाउन नपाइने चिन्ता व्यक्त गरे ।

मौसमी तरकारी तथा अन्नबाली उत्पादन गरेर आम्दानी लिँदै आएका महतोले सिँचाई अभावका कारण खेत बाँझो राख्नुपर्ने अवस्था आएको गुनासो गरे ।

आम्दानीको मुख्य स्रोत तरकारी उत्पादन र खेती भएको बताउँदै उनले भने, "सिँचाई गर्ने इनारमा पानी सुक्यो अब कसरी खेती गर्ने ? खेती गर्न सिँचाई नभइ हुँदैन । आकाशे पानीको भर छैन । यस्तै अवस्था रह्यो भने भोकमरीको सामना गर्नुपर्छ ।"

बटेश्वर गाउँपालिकाका अध्यक्ष रामअशिष महतोले बटेश्वरमा रहेको देवकी माध्यमिक विद्यालय हाताभित्रको इनार सुकेपछि त्यहाँका विद्यार्थी र शिक्षक घरबाटै खानेपानी बोकेर ल्याउने गरेको बताए ।

माघ पहिलो सातामै सो इनार सुकेको बताउँदै उनले अहिलेसम्म यस क्षेत्रमा ३० प्रतिशत पानीको स्रोत सुकिसकेको र आगामी फागुन चैतसम्म ९० प्रतिशत सुक्ने बताए ।

"माघ नबित्दै पानीको यस्तो समस्या छ ।," उनले भने, "चैत वैशाखमा के होला सम्झेर डर लाग्छ ?" यस क्षेत्रमा इनार र चापाकालबाट पानी खान सम्भव नभएकाले खानेपानीको दीर्घकालीन उपाय गर्न संघीय सरकार समक्ष प्रस्ताव लैजाने अध्यक्ष महतोले बताए ।

मिथिला नगरपालिका-५, विश्रामपुरका विनोद महतोले पानी नपर्दा हिउँदे बाली पनि सुक्न थालेको गुनासो बताए । पछिल्ला केही वर्षयता रातु, बडहरी, औरही, जलाद कमला नदीबाट बालुवा, ढुंगा अनियन्त्रित तरिकाले खन्ने, चुरे पहाडको दोहन र वन विनाश बढेकाले जलाधार क्षेत्र सुक्न थालेको उनको भनाइ छ ।

तराई क्षेत्रमा यस वर्ष हिउँदे वर्षा नभएकाले पानीको स्रोतहरु विस्तारै सुक्दै जान थालेको पर्यावरण संरक्षण अभियन्ता तथा मधेश प्रदेश वन निर्देशनालयका वन अधिकृत सुरेश शर्माले बताए ।

"असोजको पहिलो सातायता पानी परेको छैन । साधारणतया असोजको पहिलो हप्ता मनसुन सकिने र कार्तिक वा मंसिरमा एक दुई पटक पानी पर्ने गर्दथ्यो । तर यसवर्ष त्यो पनि पानी परेको छैन ।" उनले भने ।

नदी क्षेत्रमा बालुवा, ढुंगा उत्खनन गर्नेहरुले ठूल्ठूला गहिरो खाडल बनाएका र चुरे क्षेत्रको जलाधार क्षेत्र मासिँदै जाँदा इनार र चापाकलमा पानीको सतह गहिरिँदै गएर माघमै पानीको हाहाकार मच्चिन लागेको वन अधिकृत शर्माको भनाइ छ ।

# शिक्षा मन्त्रालयको टोलीले लियो सरोकारवाला संग सुझाव

**टुडे समाचारदाता**

राजविराज । शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालयले अगामी दिनमा शिक्षा क्षेत्रका निति, योजना तथा बजेटमा समावेश गर्नु पर्ने विषयहरु बारे सरोकारवाल सित सुझाव लिएको छ ।



शिक्षा क्षेत्रमा काम गरिरहेका जिल्लाका १८ वटै पालिकाका शिक्षा संयोजक, शिक्षा विकास तथा समन्वय इकाईका पदाधिकारी र संचारकर्मीहरु सित शुक्रवार बैठक मार्फत सुझाव संकलन गरिएको हो ।

शिक्षा विकास तथा समन्वय इकाई कार्यालय सप्तरीको सभाकक्षमा आयोजित शिक्षा क्षेत्रका निति, योजना, बजेट तथा छलफल र राय सुझाव संकलन कार्यक्रममा सहभागीहरुले नयाँ संघीय शिक्षा ऐन यथाशिघ्र जारी गरी यस क्षेत्रमा देखिएका समस्याहरुलाई सम्बोधन गर्नुपर्नेमा जोड दिए । उनीहरुले शिक्षामा कम्तिमा पनि २० प्रतिशत बजेट लगानी गर्नुपर्नेमा अहिले आएर त्यसमा पनि कटौती हुँदा शिक्षा क्षेत्र प्रभावित हुन पुगेको भन्दै राज्यले लगानी बढाउनु पर्ने सुझाव समेत दिए ।

बैठकलाई सम्बोधन गर्दै मन्त्रालयका उपसचिव प्रकाश सापकोटाले सरकारको निती योजना तथा बजेटमा शिक्षा क्षेत्रमा देखिएका समस्या र समावेश गरिनु पर्ने अन्य विषयबारे नयाँ रुपमा अघि बढ्न सुझाव संकलन थालिएको बताए ।

मधेश प्रदेशको सप्तरीबाट शुरु गरिएको सुझाव संकलन कार्य सात वटै प्रदेशमा संचालन हुने र त्यस पश्चात मन्त्रालय मार्फत सरकार समक्ष प्रस्तुत गरिने उनले जानकारी दिए ।

शिक्षा विकासको मुख्य पुर्वाधार भएपनि यसलाई उत्पादन र रोजगारी संग जोड्न नसक्दा अपेक्षा अनुसारको परिणाम आउन नसकेको उनको भनाई छ ।

विद्यालयले राम्रो शिक्षा दिन सक्यो र विद्यार्थी तथा अभिभावकको भरोसा जोगाउन सक्यो भने राज्यको शिक्षा नीति सफल भएको ठानिने उनको भनाई थियो । सरकारी विद्यालयमा गुणस्तरीय पढाईका कारण विद्यार्थी बढे भने त्यहाँ शिक्षा सुध्रियो भनेर सबैले बुझ्नु पर्ने भन्दै उनले कहाँ/कहाँ के/के सुधार गर्नु पर्छ, त्यसबारे सबैको राय सुझाव आवश्यक भएको हो ।

एकातिर शिक्षमा थोरै लगानी अर्को तिर विकास निर्माणको काम गर्ने पालिकाहरुलाई शिक्षा समेतको जिम्मेवारी थपिदिदा अपेक्षा अनुसारको प्रगति नदेखिएको कार्यक्रममा अधिकांश सहभागीहरुले बताएका थिए ।

कार्यक्रममा मन्त्रालयका शाखा अधिकृत शिवराज पोखरेल, शिक्षा विकास समन्वय इकाई सप्तरीका प्रमुख विजय कुमार मण्डल, इकाइका बरिष्ठ शाखा अधिकृत भोगेन्द्र प्रसाद यादव, शिक्षा संयोजक अर्जुन कुमार यादव, पत्रकार महास संघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, प्रेस युनियन सप्तरीका अध्यक्ष विनय कुमार लाल कर्ण लगायतका सरोकारबालाहरुले विद्यालयको शैक्षिक अवस्थालाई गुणस्तरीय र विश्वसनीय बनाउन आ-आफ्नो सुझाव राखेका थिए ।

# प्रसारण लाइनको जंगल क्षेत्रमा तार विस्तार

**टुडे समाचारदाता**

जनकपुरधाम । हेटौंडा-ढल्केबर-इनरुवा४००केभीप्रसारण लाइन अन्तर्गत सर्लाही र महोत्तरी खण्डमा धमाधम काम हुन थालेको छ । विशेष गरी यी दुई जिल्लाको जंगल क्षेत्रमा तार विस्तारको कामले गति लिएको हो ।



सर्लाहीको फूलजोर चोकदेखि पूर्व र महोत्तरीको बर्दिबासदेखि पश्चिमतर्फको जंगलमा काम जारी रहेको हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण आयोजना ढल्केबर कार्यालयका प्रमुख श्याम यादवले जानकारी दिए ।

जंगल क्षेत्रमा प्रसारण लाइनको टावर निर्माण भइसकेको छ । ती टावरमा अहिले इन्सुलेटर जडान गर्ने र तार तान्ने काम भइरहेको आयोजनाले जनाएको छ । प्रसारण लाइनको टावरमा राख्नका लागि पूर्वपश्चिम राजमार्ग अन्तर्गत सर्लाही र महोत्तरी खण्डको जंगल क्षेत्रका ठाउँ ठाउँमा इन्सुलेटरको पोका झारिएका छन् ।

आयोजना प्रमुख यादवका अनुसार जनशक्तिलाई दुई जिल्लाको जंगल क्षेत्रमा 'फोकस' गरेर खटाइएको छ । "सर्लाही र महोत्तरीको जंगल क्षेत्रमा केन्द्रित भएर काम गरिरहेका छौं," उनले भने, "यसअघि नै टावर निर्माण गरिसकेकाले अब तार राख्न मात्रै बाँकी छ ।" प्रसारण लाइनको लालबन्दी नगरपालिका-१२, जियाजोर क्षेत्रमा बाँकी रहेको टावर निर्माण गर्ने काम अन्तिम चरणमा पुगिसकेको आयोजना प्रमुख यादवले बताए ।

जग्गाको मुआब्जा वितरणको विषयलाई लिएर स्थानीयबाट अवरोध हुँदा सात वर्षदेखि जियाजोर क्षेत्रमा काम रोकिएको थियो । सो आयोजनाका अनुसार यस ठाउँमा आठवटा टावरको जग खन्न बाँकी थियो भने तीन वटा टावरको जग राखिसकेको थियो ।

विगत डेढ महिनादेखि सुरक्षाकर्मीको सहयोग लिएर बाँकी टावर निर्माणको काम पूरा हुन लागेको छ तर मुआब्जाको विवाद भने अझै मिलिसकेको छैन । जियाजोरका स्थानीयले तार पर्ने जग्गाको उचित मुआब्जा दिनुपर्ने माग गर्दै आइरहेका छन् ।

मुआब्जाको विषयमा प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा अधिकारी, आयोजनाका अधिकारी, जनप्रतिनिधि र स्थानीय बासिन्दाबीच पटक पटक छलफल भए पनि सहमति भने जुट्न सकेको छैन ।

# लालबन्दीबाट करोडौंको तरकारी निकासी



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दीस्थित थोक तरकारी बजारबाट छ महिनामा ७३ करोड रुपैयाँभन्दा बढीको तरकारी निकासी भएको छ ।

तरकारी व्यापारको हब बन्दै आएको लालबन्दीको कृषि थोक बजार व्यवस्थापन समितिको आँकडा अनुसार गएको साउनदेखि पुससम्म यहाँबाट देशका विभिन्न बजारमा ७३ करोड ८२ लाख ६४ हजार १२५ रुपैयाँको तरकारी निकासी भएको छ ।

यहाँका किसानले छ महिनामा गोलभैंडा, बोडी, सिमी, फूलकोबी, बन्दा, लौका, भन्टा, करेला, काँक्रो, खुर्सानी, परबल, झिँगनी, घिरौँलालगायतका हरियो तरकारी बिक्री गरेर त्यति रकम आम्दानी गरेका कृषि थोक बजार व्यवस्थापन समितिका व्यवस्थापक शम्भुप्रसाद घिमिरेले जानकारी दिए ।

देशका प्रमुख ११ वटा तरकारी बजारमध्ये लालबन्दी थोक तरकारी बजारमा सर्लाहीका आधा दर्जनभन्दा बढी पालिका र महोत्तरीको उत्तरी भेगका किसानले तरकारी बिक्री गर्न ल्याउने गरेका छन् । यहाँको थोक तरकारी बजारमा किसानले ल्याएर बिक्री गरेका तरकारी व्यापारीले काठमाण्डुको कालीमाटी, बल्खु र जडीबुटीतरकारीबजारसहितपोखरा, बुटवल, नारायणगढ, वीरगञ्ज, गौर, जनकपुरधाम, जलेश्वर, सिन्धुली र पूर्वका विभिन्न सहरमा लगेर बेच्ने गरेका छन् । बजारका व्यवस्थापक घिमिरेले जनाएअनुसार पछिल्लो समय लालबन्दीको तरकारी सीमावर्ती भारतको सोनवर्षासम्म पनि पुग्न थालेको छ । "यहाँबाट अहिले सोनवर्षासम्म तरकारी पुग्न थालेको छ । व्यापारीले मोटरसाइकलमा हालेर त्यहाँसम्म तरकारी लैजाने गरेका छन्," घिमिरेले भने ।

किसानले उत्पादन गरेर ल्याउने प्रत्येक हरियो तरकारी बजारमा बिक्री हुने गरेको छ । स्थानीय उपभोक्ता र यहाँ रहेका होटलमा स्थानीय किसानले फलाएकै तरकारी खपत हुने गरेको छ ।

# कामतको एकल गायन

**टुडे समाचारदाता**

जनकपुरधाम । गीत संगीत क्षेत्रका शास्त्रीय गायक गुरुदेव कामतको एकल प्रस्तुति शुक्रबार जनकपुरधाममा सम्पन्न भएको छ ।

मधेश प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा कामतले यमन, मालकोश, रागलगायत ठुमरी, गजल, तराना प्रस्तुत गरेका थिए ।

कामतले स्रोताको चाहना अनुसार भजन, मैथिली, नेपाली र हिन्दी गीत पनि गायन गरेका थिए ।

कार्यक्रममा मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्र, मुख्यन्यायाधिवक्ता वीरेन्द्रकुमार ठाकुर, डा. विजयकुमार सिंह, वृषेशचन्द्र लाल, जीवनाथ चौधरी, रोशन जनकपुरी, सीताराम अग्रहरी, श्यामसुन्दर यादव, अयोध्यानाथ चौधरीलगायतको पनि उपस्थिति रहेको थियो ।

सो अवसरमा मधेश मधेश प्रज्ञा प्रतिष्ठानद्वाराका अध्यक्ष रामभरोस कापडिले गायक कामतको सांगीतिक यात्राको चर्चा गर्नुका साथै गायक कामतलाई सम्मान र रसन चौकीको प्रतीक स्मृति प्रदान गरेका थिए ।

कार्यक्रममा प्रतिष्ठानका सदस्य दिनेश यादव र प्रशासकीय अधिकृत दानीकान्त झाले गायक कामतको व्यक्तित्वबारे प्रकाश पारेका थिए ।


PLAN INTERNATIONAL

## सवारी चालकको आवश्यक्ता

प्लान इन्टरनेशनल बालबालिकाको अधिकार र किशोरीहरुको समानताकालागि काम गर्ने अन्तराष्ट्रिय संस्था हो । प्लान इन्टरनेशनलले नेपालमा २०३४ सालदेखि पिछडिएका क्षेत्रका बालबालिका, उनीहरुका परिवार र समुदायलाई जीविको पार्जन, विकास, संरक्षण र सहभागिताको अधिकार दिलाउन सहयोग गर्दै आएको छ । प्लान इन्टरनेशनल नेपालले अहिले १२ वटा जिल्लामा कार्यक्रम सञ्चालन गरिरहेको छ ।

प्लान इन्टरनेशनल नेपाल सबै प्रकारका हिंसाबाट बालबालिका र युवा व्यक्तिलाई संरक्षण गर्न लैंगिक उत्तरदायी संरक्षण मापदण्ड लागू गर्न पूर्ण रुपमा प्रतिवद्ध छ । प्लान इन्टरनेशनलको USAID Equity and Inclusion in Education कार्यक्रम अन्तर्गत पूर्व क्षेत्रीय कार्यालय, धनुषाकालागि ३१ डिसेम्बर २०२५ सम्म निश्चित अवधिको रोजगारी (करार) निम्नलिखित पदकालागि आवेदन लिने जानकारी गराउदछौ ।

**१. आवश्यक सवारी चालक संख्या - १ (एक)**

सवारी चालकले सुरक्षा मापदण्डको राम्रो ज्ञानसहित जिम्मेवारी महसुस गरी समझदारी र निष्ठा पालनागर्दै संस्थाका कर्मचारी र आगन्तुककालागि भरपर्दो, दक्ष र सुरक्षित सवारी सञ्चालन सेवा प्रदान गर्नुपर्नेछ । चालकले सवारीको आवश्यक सबै मर्मत सम्भारलाई नियमित रुपमा जाँच गर्नुपर्नेछ । आवेदकमा निम्नलिखित योग्यता आवश्यक छ :

- प्रमाणित सवारी अनुमतिपत्र (लाइसेन्स) ।
- माध्यमिक तह वा सो सरहको शैक्षिक योग्यता ।
- प्रतिष्ठित कार्यालयमा सवारी चालकको कम्तिमा ५ वर्षको अनुभव ।
- सुरक्षित रुपमा सवारी चलाएको रेकर्ड, सवारी चलाउँदा सुरक्षा सम्वन्धी निर्णय लिन सक्ने ।
- सवारीको पार्टस् र यसका कामबारे प्राविधिक र मेकानिकल ज्ञान (सामान्य मर्मतको सीप भएको) ।
- नेपालीभाषामा पढने र लेख्ने क्षमता (अंग्रेजी भाषाको ज्ञान भएमा अझ राम्रो) ।

**आवेदन दिनकालागि**

बायोडाटासहितको (Bio-data) आवेदन र सवारी चालक अनुमतीपत्र, शुक्रबार २३ फेब्रुअरी २०२४ सम्ममा पठाउनुपर्नेछ । आवेदन इमेल ठेगाना nepal.HR@plan-international.org वा प्लान इन्टरनेशनलको धनुषास्थित कार्यालय (बिसहारा चोक, वडा नं. ४, जनकपुरधाम उपमहानगरपालिका ०४१- ५९००५०) मा सोझै बुझाउन सकिन्छ । छनोट सूचिमा परेका उम्मेदवारलाई मात्र छनोट प्रक्रियामा सामेल गराइनेछ । छनोट प्रक्रियाको कुनै पनि चरणमा कसैलाई प्रभावित गर्न खोजेमा आवेदन स्वतःखारेज हुनेछ ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। प्रतिक्षा ।।

तिमी आउने खुसी मा
हावा सँगै उडी रा छु।
तिमी कैले आऊ छौ मो
तिम्रो लागि कुरी रा छु।
यो दुनियाँको मतल छैन
मो तिम्रो याद मा डुबि रा छु।
मन को कलमले भए पनि
तिम्रो तस्बीर कोरी रा छु।
सारा दुनिया छ मेरो सामु
तर मो तिमी मै भुली रा छु।
मेरो नराम्रो बानी लाई राम्रो
बानी मा परिणत गरी रा छु।
सानोलाई माया ठूलोलाई आदर
गर्ने कोसिस गरी रा छु।
भविष्यमा सफलताको आशाका
साथै कोशीस लगातार गरी रा छु।
आमाबुवाका खुसीको लागी
मरी मरी मेहनत गरी रा छु।
मेहनत मेरो जारी छ सफल
हुने आशा मन मा राखी रा छु।
हराएको यात्री थिए तर अब
आफूले आफु लाई चीनी रा छु।
आमाबुवाको नालायक छोरा थिए
तर अब लायक बन्न खोजी रा छु।
खासै केहि त गर्दिन तर
केहि नयाँ सुरूवात गर्ने सोची रा छु।
आफनो हात मा केहि हुदैन ,
भाग्य मा विस्वास राखि रा छु।
अहिले त केहि राम्रो भाछैन,
त्यही भएर कोशीस गरी रा छु।
मतलबी दुनिया लाई छाडेर
आफनो गन्तब्य लाई खोजी रा छु
कहिले हरी रा छु त कहिले जिती रा छु।
अहिले त यस्तै हो मो आफनो
असल दिन लाई कुरी रा छु।



**लेखक रोहन भुजेल**
**जनकपुरधाम - ४**

## 'प्रतिज्ञा'

मेरो प्रतिज्ञा छ तिमिलाइ
सबै सम्बन्धमा पहिलो स्थानमा राख्नेछु।
आफू जसरी भए पनि तिमिलाई खुसीको संसारमा राख्नेछु।
प्रतिज्ञा छ मेरो तिमीलाई पहिलो स्थानमा राख्ने छु।
आज प्रतिज्ञा छ मेरो तिमीलाई आफ्नो हृदयको महलमा राख्नेछु।
संसारमा विकल्प जति भए पनि
म तिमीलाई नै रोज्नेछु।
प्रस्थिती जस्तो भए पनि साथ तिम्रै दिनेछु।
माया तिम्रै रोज्नेछु।
वाचा गर्दैछु तिमीसंगको सम्बन्ध कहिले तोडने छैन।
तिमी बाहेक अरु कसैलाई रोज्नै सक्दैन।
यो-दिन, यो-रात हरेक पल तिम्रै लागि जिउनेछु।
वाचा छ मेरो यो मनको ढोका मात्र तिम्रै लागि खोल्नेछु।



**लेखक : करन मंडल ( धानुक)**
**ठेगाना : हँसपुर न.पा ९ मोरहा, धनुषा नेपाल**

## ।। हाम्रो देश नेपाल ।।

सुन्दर छ हाम्रो परिवेश ,
सानो नेपाल छ ,हाम्रो देश
कहिले नगर्ने कसैसँग लडाइँ
नेपालको भाग हिमाल ,पहाड र तराई ।।
हामि खेल्छौ फुटबल , भलिबल र चेश
चिन र भारत नेपालको छिमेकि देश।।
शुभको पलमा शुभ मंगल्
नेपालमा छ धेरै ठुलो जंगल ।।
नेपालका पहाडमा हिराको खानि छ
यहाँका मानिस ज्ञानि छ।
नेपाल धर्तीकि रानि छ
नेपालमा प्रशस्त पानी छ ।।
नेपालमा धेरै नदि र नाला छ।
गोर्खाली नेपालको सेना छ
बहुजाती, भाषा ,धर्म, संस्कृति छन् विशाल
एशिया महादेशको सुन्दर देश नेपाल ।।



**नाम : बिट्टु यादव**
**त्रिदेव मा.वि लक्ष्मिनिया बजार ७ धनुषा**
**कक्षा : ५**

## ।। मोबाइल ।।

मोबाइल रे मोबाइल रे मोबाइल रे मोबाइल
तो कते देखि बिगाइर देलहि चाइल रे मोबाइल
रे मोबाइल
तोरे चक्कर मे जैर गेलै दाईल रे मोबाइल रे
मोबाइल
बौवा बुच्ची के बिगाइर देलही चायल रे
मोबाइल रे मोबाइल
काम धन्धा छोइर लोक तोरे मे लागल रहै छौ
फेसबुक युटुब टिकटक देखै छौ
मोबाइल रे मोबाइल रे मोबाइल रे मोबाइल
तो कते देखहि बिगाइर देलही चायल रे
मोबाइल रे मोबाइल
घरी क्यारकुलेटर टिबी कमप्यूटर के खैलहि
लगके लोक के दुर तो कैलहि
मोबाइल रे मोबाइल रे मोबाइल रे मोबाइल
तो कते के देखहि बिगाइर देलहि चायल रे
मोबाइल रे मोबाइल



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार, दोहा कतार**

## ।। आँखा ।।

नेताहरुले दुख्ख दिदैछ जनतालाई
अभिनेता बनि जिउनु पर्याछ आमजनतालाई
चुल्होमा के पोल्ने कसरी
हातमुख जोड्न सोच्नुपर्याछ सम्पुर्ण जनतालाइ
देशको अर्थतन्त्र सबल छैन
नेताहरु ले डलर मा जनतालाई खेलाउँदै छन्
आफ्नो स्वार्थ मा नेताहरु कपट भावले
नागरिकहरु लाइ विदेश पलायन गर्दैछ
आफ्नै देशको शिप र कलामा जागु सम्पुर्ण नेपालीहरु
तराइ पहाड हिमाल यस्तो सुन्दर नेपाललाई नत्यागौ
यहि धर्ति मा केहि फलाउ र आफ्नो परिवार विच
हाँस्दै खेल्दै हातमुख जोरौ परिवार स्याहार्दै लैजाउ
विदेशीनु पुँजीको लागि स्वदेशमा भित्रिनु फेरि
आफ्नो घरपरिवार को खुशीको लागि
जय जनता जय मजदुर भन्दै
अग्रसर हौउ शिपमुलक शिक्षा मा
यहि अठोट लिउ स्वदेशी पुँजी स्वदेशी हात
उत्कृष्ट मिश्रण अनुपम स्वाद
जय नेपाल जय मधेस



**प्रमोद राम**
**जनकपुर ९**

## ।। पुर्णिमा ।।

हे! पुर्णिमा निर्मल स्वच्छ
तिम्रो हिमरूपी सुन्दरता।
दिन्छ मेरो विह्वल मनमा
प्रेमममतामय शितलता ।।
उठाइ कालो घुम्टो जब
हेराउछौ तिमी अनुहार।
तत्क्षण हुन्छ प्रकाशित
मेरो अंधकाररुपी संसार ।।
तिम्रो रूपको मोहजालमा
भइ मोहित प्रेमी पागल।
नदेखि तर्सिन्छ आँसीभरि
धरती गगन तारा बादल ।।
म गाउन सक्दिनँ कहिल्यै
तिम्रो पूर्ण रूपको गरिमा।
हे! अनुपम सौन्दर्यकी रानी
मेरी मनमोहिनी पुर्णिमा ।।



**लेखक:- राम 'रुद्राक्ष' मण्डल**
**ठेगाना:- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल।**

## ।। हम ता माँके कोखसऽ जन्मल छी ।।

अहाँ तँ पवित्र गंगाके निर्मल जल छी।
हम तँ अशुद्ध कण गटरमे बहल छी ।।

अहाँ तँ लकड़ीमे सुगन्धित चन्दन छी।
हम तँ बाँसक कर्चीके बरन छी ।।

अहाँ तँ पुष्पमे फूल कमल छी।
हम तँ धुथुर बेरंग रंगल छी ।।

अहाँ तँ हिमालयसँ उपर पहुँचल छी।
हम तँ पाताल जलथलमे लस्कल छी ।।

अहाँ तँ आकाशक चाँद चमकल छी।
हम तँ बेसहारा एक तारा टुटल छी ।।

अहाँ तँ हीरा मोती रतन छी।
हम तँ फुटल कौड़ी निर्धन छी ।।

अहाँ तँ ब्राम्हण क्षत्रीय कूल छी।
हम तँ निच शूद्र अबल छी।
अहाँ तँ बड्ड सुन्दर गढल छी।
हम तँ कुरुप सगरोसँ बनल छी।
अहाँ तँ परी स्वर्गसँ उतरल छी।
हम तँ माँके कोखसँ जन्मल छी ।।



**लेखक - कृष्णा कुमार साह**
**ठेगाना - हंसपुर न.पा-३, मझौरा धनुषा**

## ।। धरती माँ ।।

माँ हमर मिथिला इ धरती हमर प्राण।
बारम्बार इ धरती के करैत छी हम प्रणाम ।।
जै भूमि सँ प्रगट भेल ई जगत क जननी।
वही ठामक वासी छी हमरा की चीज क कमी ।।
हरदम हम मिथिले मे रहबै नै चाहि चारु धाम।
बारम्बार इ धरती के करैत छी हम प्रणाम ।।
जगत जननी अईछ सीता संपूर्ण ब्रमाण्ड क लेल।
हमरा घमंड अईछ ऊ सीता हमर सभक बहिन भेल ।।
सीता जी के नाता सँ पाहून लागत श्री राम।
बारम्बार इ धरती के करैत छी हम प्रणाम ।।
जँ हम मैथिली छी त करब हम अभिमान।
हर जन्म हम मिथिले मे आबि अईछ मनककाम ।।
धोती कुर्ता पाग गमछा सँ अईछ हमर शान।
ताई भेष पर मुस्की सँग मुह मे सोभै पान ।।
माँ हमर मिथिला इ धरती हमर प्राण।
बारम्बार इ धरती के करैत छी हम प्रणाम ।।



**लेखक : प्रतिक राज**
**ठेगाना : जनकपुरधाम - ८**

## ।। समस्या के हल ।।

जीवन के रास्ता सव होई छै जाम
तब निक लग्छै जीवन बजार के दाम
ओर नई होई छै जीवनको कोनो नाम ।।
जब होई छै आदमी के समय खराब
तब पार लग्छै जीवन उपर के सराब
समस्या में नई कोई होइ छै खराब ।।
पाबे के लागि तरस जाई छै स्पोट ओकर
जब माआईरके जाई हैं अपने सब ठोकर
टूट जाई हैं ,भरोसा जब अपना के
खतम भएँ जाइ छै सोचल सपना के ।।
नई मिलई छै कोनो समस्या के हल
नई होई छै कोनो चिज के भल!!



**लेखक: रोशन कुमार साह**
**विधालय:- मोनाष्टिक कलेज, जनकपुरधाम।**
**ठेगाना: अजमरर्ट्टी, महोत्तरी।**

# उत्सवे उत्सवके संगमजनकपुरधाम साहित्य - कलातथा नाट्यमहोत्सव



**कुमार भास्कर**

माघ १८ सँ ५ दिनधरि चलल जनकपुरधाम साहित्य-कला तथा अन्तर्राष्ट्रीय नाट्य उत्सव बहुते कारण सँ बिशिष्ट रहल। झाँकी उत्सव, राजनैतिक उद्घाटन उत्सव, वैचारिक विमर्श सहितक सत्रक उत्सव, अन्तर्राष्ट्रीय नाट्य उत्सव, सांस्कृतिक उत्सव, मिथिला भोजोत्सव, मिथिला पेन्टिङ कार्यशाला सहित प्रदर्शनी उत्सव। एतेक सब सम्मिलित कैटेगरी समाहित भेने ने अस्सल महोत्सव, सेहे जनकपुरधाम साहित्यक-कला तथा अन्तर्राष्ट्रीय नाट्य उत्सव।

**उत्सवे उत्सवके सङोरल महोत्सव**

उद्घाटनसँ पहिने नगर मे विशाल झाँकी उत्सव जाहिमे पैराणिक, परम्परागत आ आधुनिक जीवनशैली दर्शनके विशिष्टता सहित कम नगर उपस्थिती रहल। साँसद, पूर्व मन्त्रि सहितक झाँकी यात्रामे जाइत सभक अपनअपन व्याप्ति सहित प्रदर्शन, सांस्कृतिक संस्था सभक झाँकी होइ या कलेज-स्कूली बैआसभक अपनकला-संस्कृति प्रतिक आदरभाव सहित सम्मिलित प्रदर्शन इ झाँकी उत्सवके अपने उत्कृष्टता देलक।

**उदघाटन सत्र समावेशी नमूना राजनैतिक उपस्थिती**

कोनो कार्यक्रममे एक-दू दलीय समर्थित रहल करैछ। लेकिन इ महोत्सव एकेले एहन महोत्सव रहल जाहिमे नेपालक अधिकांस आ सबस बेसी दलगत रजनैतीबला सभक सङोर एके मंच पर बैसा सकबाकबुत्ता देखौलक। हमर बाबुके शब्दमे कहलजाए त 'सब दल जाँघमे जाँघ जोडने एके पाँतिमे बैसल'आसब मैथिली प्रति प्रतिबद्धता देखौलनि से बर्षो सँ तोपाएलागल मैथिली विषयके सर्वस्विकारोक्ति देलनि।

**वैचारिक सत्र सभक महाकुम्भ**

५ दिनमा महोत्सवमे २० टा वैचारिक विमर्शक सत्रसभ रहल जाहिमे साहित्य-कला, नाट्य, राजनिती, समय सामयिक सहितक सभ तरहे सत्र सभमे सभ वर्गक व्यक्तित्व सभक जोडगर उपस्थिती रहलासँ इ सत्रगत वैचारिक गोष्ठी/विमर्शके अलगे स्थान दैत अधिकारिक व्यक्तित्व सभके अपनअपन क्षेत्रगत प्रतिबद्धता द एकरा उँचाइ परपहुँचएलकसे एकर उच्चतम प्रतिफल रहल।

**अन्तर्राष्ट्रीय नाट्य उत्सव**

अन्तर्राष्ट्रीय नाट्य उत्सव अपनेमे अलगे उत्सव होएत अछि, तेकरो एहि महोत्सवमे सँगे स्थान द प्रतिदिन दू-दू नाटक मंचन भेनाइ अपनाआपमे एहि महोत्सवके महमहा देलक। नेपालक ३टा नाटक अ भारतक ४टा नाटक मंचनआ नाट्यविधा पर सत्रविमर्श सहित जनकपुरधामक दर्शक लोकनिमे विभिन्न तरहक नाट्य मंचन देखि-देखी नाट्यप्रति रूची बढौनाइएहि नाट्योत्सवके सफल प्रतिफल रहल।

**सांस्कृतिक उत्सव**

कोनो उत्सवमे एक-दू साँस्कृतिक प्रस्तुती ओउत्सवके मठोमाठ रहैछ लेकिन इ महोत्सवमे प्रत्येक साँझ कमसँकम तिन-चारि उत्कृष्ट ख्याति प्राप्त कलाकार लोकनिक उत्कृष्ट प्रस्तुतिमे जुआएल रातियोमे जूटल दर्शक सभकेसभ दिन झुमौने रहल। भारतक प्रसिद्ध कलाकार सभमे डा. रञ्जना झा, प्रिया मल्लिक, पुनम मिश्रा, जुलिझा, प्रिया राजलगायतके दर्जनो कलाकार सभक सँगे नेपालक एक सँ एक नामी मैथिली कलाकार सभ ललित कामत, रविराज साह, संगिता देव, नविन मिश्र, स्मृति मिश्रा, सुभाष विरपुरिया, हरिशंकर मिश्र, रामनारायण ठाकुर, प्रियंका झा, रविन्द्र झा, संतोष एक्ट लगायतक बहुतो कलाकार सभकएकसँ एक प्रस्तुति रहल।

**मिथिला पेन्टिङ कार्यशाला**

मिथिला मैथिलीक पैरानीककाले सँ चित्रक माध्यसँ जनजीवनके उकेरैत अएल मिथिला चित्रकलाके सेहो जनकपुरधाम साहित्य-कला तथा नाट्य महोत्सव मिथिला चित्रकलामे फ्यूजन सहितक विभिन्न मिडियममे कार्यशाला जनकपुर दर्शन क' देशक राजधानी काठमांडूसँ अएल सहितक चित्रकार सभके एक सँ एक चित्रसभ उतारलनि जकरा महोत्सवमे प्रदर्शनी मे राखल गेल।

मैथिली विकास कोषद्वारा अयोजित ओमहोत्सव मे ५ दिन मिथिला व्यन्जनक परिकारक खुअओल गेल तओ अवधी भरि विभिन्न स्टलसभ पहिनूके दिनसँ लागल रहल जाहिमे, मिथिला चित्रकला, मिथिला बस्तुजात, विभिन्न जाइत समूहक शिल्पवस्तु सभ सहित, अजुका समयमे उपयोग होएबला बिभिन्न बस्तुसभके मैथिलीक माध्यम सँ रंगाएलआ थिम्ड स्टल सभक मुख्यअकर्षन रहल। मैथिली विकास कोष सँगे इ महोत्सवके मैथिली प्रति किछ बरिषसँ उदास देखल गेल सरकारक निकायमेसँ उद्योग, पर्यटन मन्त्रालय सह अयोजकमात्र नहिभ' मन्त्रालयक मन्त्रीजी स्वम प्रत्येक दिन सहभागी भेलासँ हुनक कार्यकालमे मैथिली प्रति सचेष्ट रहल प्रमाण देलनि। जनकपुरधाम उपमहानगरपालिका सह अयोजक भ ओतबे तत्परता मात्रनहि देखएलक बल्कि मैथिलीमे पाठ्यक्रम तयार करबालेल तत्काल जुटि गेलनि से छुट्टे उपलब्धि रहल।

एहि आयोजकीय महोत्सवमे एतेक महिना पहिनहिसँ तयारी करैत व्यवस्थापकीय टिममेकिछू व्यक्तित्वसभ सँगे अपने लागि भिडक' जूटल मैथिली विकास कोषक अध्यक्ष जीवनाथ चैधरीजीके जते धन्यवाद देल जाए अ कम्मे होएत। सहयोगीके कमि रहल अवस्था होए या बजेटीय सहयोगके देरि/कमी के कोनो तरहे उभर नहि दैत अपने बुत्ता प जे एहिविशाल अयोजनके सफल कएलनितकर भिष्म पितामह जीवनाथ चैधरीके श्रेय देवामे कोनो सँकोच नहि। इ हिनक लगन हर तरहके विघ्नसभके चिरैत आगू बढि सफलतम बनौ निहार 'मरदबा' जीबनाथ चौधरी प्रति मैथिलीके गर्व करहिटा परत।

# सौगात र मलिकाको प्रेमभाव बोल्ने 'अगस्त्य' गीत

काठमाण्डु । आगामी फागुन १८ गतेदेखि प्रदर्शन हुन लागेको फिल्म 'अगस्त्य'को पहिलो गीत सार्वजनिक गरिएको छ। 'भ्यालेन्टाइन विक'को अवसर पारेर सार्वजनिक 'मायामा तिम्रै मायामा' बोलको गीतमा अभिनेता सौगात मल्ल र अभिनेत्री मलिका महत फिचरिङ छन्। गीतहरुले उनीहरुको प्रेमभाव बोल्छ। गीतमा तराई क्षेत्रको भूगोल र त्यहाँको जनजीवनलाई आकर्षक रुपमा चित्रण गरिएको छ।

एसडी योगी र विज्ञानी पराजुलीको स्वर, एसडी योगीको संगीत तथा मिक्सिङ मास्टरिङ रहेको गीतमा सविन एकतारेको शब्द तथा रिकेश गुरुङ संगीत निर्मातामा छन्।



निर्देशक तथा लेखक सौरभ चौधरीले सार्वजनिक गीत फिल्ममा कथावाचनको रुपमा रहेको बताएका छन्। गीतमा रोमान्टिक देखिएका सौगातले फिल्ममा एक्सनदेखि मानसिक सन्तुलन गुमेको चरित्रसम्म निभाएका छन्। फिल्ममा सौगात र मलिकासँगै नाजिर हुसेन, निश्चल बस्नेत, प्रमोद अग्रहरी, बेन बस्नेत, विजय बराल, रविन्द्र झा, शिशिर वाङ्देल, सिम्रन खड्का, प्रकाश दाहाल, प्रदीप ढकाल, गजेन्द्र त्रिपाठी लगायतको पनि अभिनय छ। पोस्टर सार्वजनिक भएसँगै चर्चामा रहेको फिल्मको टिजरलाई पनि सकारात्मक प्रतिक्रिया मिलेको छ। अब फागुन १ गते ट्रेलर सार्वजनिक गर्ने तयारी गरिएको छ।

डार्क हर्स इन्टरटेनमेन्ट र सेभेन सिज इन्टरटेनमेन्टको संयुक्त प्रस्तुति रहेको फिल्ममा प्रकाश मल्ल, अनिश तामाङ, विनोद पौडेल निर्माता तथा विश्व गौचन, अभिषेक चौधरी कार्यकारी निर्माता छन्।

फिल्ममा सञ्जय लामाको छायाङ्कन, मनोज श्रेष्ठको भीएफएक्स तथा कविराज गहतराजको कोरियोग्राफी रहेको छ। निर्देशक चौधरीले 'अगस्त्य'को सिक्वेलको समेत कथा तयार गरिसकेका छन्। फिल्मीखबर

# माओवादी बैठकमा विधान मस्यौदामाथि छलफल

**टुडे समाचारदाता**



काठमाण्डु।नेकपा(माओवादी केन्द्र)को स्थायी समिति बैठकमा विधान मस्यौदामाथि छलफल सुरु भएको छ। माओवादी पार्टी मुख्यालय पेरिसडाँडामा शुक्रबार बसेको बैठकमा विधान मस्यौदा कार्यदलका संयोजक एवं उपाध्यक्ष पम्फा भुसालले विधानका प्रमुख विशेषताका बारेमा बैठकमा प्रस्तुति दिनुभएको प्रवक्ता अग्नि सापकोटाले जानकारी दिए।

आजको बैठकमा विधानमाथि महासचिव देवप्रसाद गुरुङ, उपमहासचिवत्रय गिरिराजमणि पोखरेल, वर्षमान पुन र जनार्दन शर्मा, सचिवद्वय गणेश साह र राम कार्की तथा स्थायी समिति सदस्य शशि श्रेष्ठले धारणा राखेका छन्। विधानमा धारणा राख्ने अधिकांश सदस्यले पार्टी विधानमा समाजवादी मूल्य, मान्यता र आदर्श स्थापित तथा समाजवादी विचारधारा प्रवाहित हुनेगरी व्यवस्था गर्नुपर्नेमा जोड दिएको प्रवक्ता सापकोटाले जानकारी दिए। नेताहरूले पार्टी कमिटी चुस्तदुरुस्त हुनुपर्ने, केन्द्रीय समिति एक सय ५१ सदस्यीय बनाइनुपर्ने धारणा व्यक्त गरेका थिए।

यद्यपि छलफलका क्रममा उठेका विषयको निरुपण भने विधान सम्मेलनबाटै हुने प्रवक्ता सापकोटाको भनाइ छ। शुक्रबारको बैठकमा सैद्धान्तिक र नीतिगत छलफल भएको उनले जानकारी दिए। स्थायी समिति बैठक शनिबार पुनः बस्नेछ। माओवादीले विधानमाथि छलफल गर्न आइतबार र सोमबार केन्द्रीय समितिको बैठक बोलाएको छ। माओवादीले आगामी फागुन पहिलो साता विधान सम्मेलन आयोजना गरेको छ। फागुन १, २ र ३ गते विधान सम्मेलन हुँदैछ।

## सुशासन कायम गर्न सरकारको पहल जारी छ : उपप्रधानमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु। उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुशासनबिना मुलुकको सामाजिक आर्थिक रुपान्तरण र समृद्धि हासिल नहुने भन्दै सरकार सुशासन कायम गर्न लागिपरेको बताएका छन्।

अध्यागमन विभागद्वारा शुक्रबार आयोजित 'ई-भिसा, कार्यालय स्वचालन र अनलाइन भुक्तानीको शुभारम्भ' कार्यक्रममा उनले सरकार सुशासनसहितको सुधारका लागि प्रयासरत रहेको बताएका हुन्।

उनले अध्यागमन विभाग र यससँग सम्बन्धित सबै कार्यालयमा स्वचालित प्रणाली आवश्यक भएको बताउँदै उनले प्रविधि तथा सेवाग्राहीमैत्री अन्तर्राष्ट्रियस्तरको अध्यागमन सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गरे। "जनतालाई सहजरुपमा सेवा उपलब्ध गराउनु पनि सुशासनको अनिवार्य शर्त हो। त्यसैका आधारमा अहिले हामी काम अघि बढाइरहेका छौँ", उनले भने, "अध्यागमनका सन्दर्भमा अहिले नै यो गुणात्मक फड्को हो। केही समयभित्र अन्तर्राष्ट्रियस्तरको अध्यागमन सञ्चालन गर्छौं।"कार्यक्रममा गृह मन्त्रालयका सचिव दिनेश भट्टराईले अध्यागमन सुधारबारे जानकारी गराउँदै भविष्यमा 'ग्लोबल पेमेन्ट' को तयारी गरिरहेको बताए।

# स्वास्थ्यमन्त्री बस्नेतद्वारा आँखाको सर्जरी युनिट उद्घाटन

**टुडे समाचारदाता**

बनियानी। झापाको बिर्तामोड नगरपालिका-३ स्थित मेची आँखा अस्पतालमा आँखाको विशिष्टीकृत उपचारअन्तर्गत 'लेजर रिफ्राक्टीभ सर्जरी युनिट' सुरु भएको छ।

अस्पतालको २७औँ वार्षिकोत्सवका अवसरमा शुक्रबार आयोजित एक कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले 'लेजर रिफ्राक्टीभ सर्जरी युनिट'को उद्घाटन गरे।

वार्षिकोत्सव समारोहमा मन्त्री बस्नेतले स्वास्थ्य शिक्षा र स्वास्थ्य क्षेत्रलाई उत्कृष्ट बनाउन आफू लागिपरेको बताए। दृष्टि पब्लिक प्राइभेट पार्टनरसीपअनुसार मातृका आँखा केन्द्रसँगको सहकार्यमा करिब रु १६ करोडको लागतमा मेसिन खरिद गरी 'लेजर रिफ्राक्टीभ सर्जरी युनिट' स्थापना गरिएको अस्पतालका सचिव गणेश पोखरेलले जानकारी दिए। सन् २०२३ मा अस्पतालले बहिरङ्ग सेवाअन्तर्गत एक लाख ९७ हजार आठ सय ७२ र विभिन्न




शिविरमार्फत ७९ हजार बिरामीको आँखा परीक्षण गरेको उनले बताए।

शल्यक्रिया सेवातर्फ अस्पलताबाट ३४ हजार पाँच सय ४५ जना तथा बाह्य कार्यक्रमअन्तर्गत एक हजार आठ सय १३ जनाको आँखाको शल्यक्रिया गरिएको छ। अधिकांशको आँखाको मोतियाबिन्दुको शल्यक्रिया गरिएको हो। रेटिनाको शल्यक्रिया गराउने सात हजार चार सय दुई, कोर्नियाको शल्यक्रिया गराउने दुई हजार आठ सय पाँच, अकुलोप्लास्टिको शल्यक्रिया गराउने तीन हजार पाँच सय ६७ तथा अन्य शल्यक्रिया गराउने ६ सय २७ जना रहेका छन्।

> अधिकांशको आँखाको मोतियाबिन्दुको शल्यक्रिया गरिएको हो। रेटिनाको शल्यक्रिया गराउने सात हजार चार सय दुई, कोर्नियाको शल्यक्रिया गराउने दुई हजार आठ सय पाँच, अकुलोप्लास्टिकको शल्यक्रिया गराउने तीन हजार पाँच सय ६७ तथा अन्य शल्यक्रिया गराउने ६ सय २७ जना रहेका छन्।

अस्पतालले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत ५१ हजार नौ सय १५ बिमितहरूको आँखा परीक्षण गरेको छ भने पाँच हजार छ सय ६१ बिमितको आँखाको शल्यक्रिया गरिएको अस्पतालका स्वास्थ्य निर्देशक पुरुषोत्तम जोशीले जानकारी दिए। वार्षिकोत्सव समारोहमा कोशी प्रदेशका पूर्वमुख्यमन्त्री उद्धव थापा, प्रदेशभा सदस्य एकराज कार्की, गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष फूलमति राजवंशीलगायतले आ-आफ्नो धारणा राखेका थिए।

# सगरमाथा विमानस्थलको निर्माण प्रक्रिया अगाडि बढ्छ : मन्त्री किराँती

**टुडे समाचारदाता**

उदयपुर। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले त्रियुगा नगरपालिका-१ जोगिदहमा प्रस्तावित सगरमाथा विमानस्थलको निर्माण तत्काल अघि बढाइने बताएका छन्।

शुक्रबार बिहान सो क्षेत्रको निरीक्षणपछि उहाँले उक्त विमानस्थल निर्माणका लागि पटक-पटक आवाज उठिसकेकाले मन्त्रालयले अब प्रक्रिया छिट्टै अघि बढाउने बताए। "विमानस्थल निर्माणका लागि रु पाँच करोड बजेट बिनियोजन भइसकेको छ भने मन्त्रालयले काम अघि बढाइसकेको छ", उनले भने।




कोशी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि उदयपुरको जोगिदहमा निर्माण हुने विमानस्थल महत्वपूर्ण भएको उनको भनाइ छ। भारतदेखि भुटानसम्मका पर्यटकलाई सगरमाथा क्षेत्रको भ्रमण गर्न र खोटाङको हलेसी महादेवसम्मको पर्यटन प्रवर्द्धन र विकासका लागि विमानस्थलको महत्वपूर्ण भूमिका रहने उनले बताए।

त्यस अवसरमा सगरमाथा हवाई मैदान निर्माण उपभोक्ता समितिका अध्यक्ष वीरेन्द्र बस्नेतले तत्काल विमानस्थलको निर्माण प्रक्रिया अगाडि बढाउन आवश्यक रहेको बताए। "उदयपुरबासी तथा सगरमाथा क्षेत्रको जनताको ६० वर्षदेखिको वर्तमान सरकारले पूरा गर्नुपर्छ", उनले भने।

विमानस्थल सञ्चालनमा आउँदा सुनकोशीको दोलालघाटदेखि सप्तकोशीको चतरासम्मका ऱ्याफ्टिङर चतराबाट उदयपुरको सगरमाथा हवाई मैदान भएर हिमाली क्षेत्र भ्रमण गर्न, हलेसी क्षेत्र पुग्नका लागि सहज हुने उनको भनाइ थियो।

हवाई मैदान निर्माण समितिका सदस्य तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता राजकुमार राईले विमानस्थल सञ्चालनमा आए सप्तरी, सिरहा, उदयपुर, खोटाङ, ओखलढुङ्गा, भोजपुरका साथै भातरीय र भुटानबाट पर्यटक ल्याउन सकिने बताए।

विमानस्थल निर्माणका लागि रु दुई करोडभन्दा बढी खर्च भइसकेको र वन तथा वातावरण मन्त्रालयले जग्गा भोगाधिकार दिइसकेको भन्दै उपभोक्ता समितिका सदस्य रुद्र अधिकारीले विमानस्थल निर्माणका लागि स्वीकृति प्राप्त भइसकेको बताए। उनका अनुसार विमानस्थल निर्माणका लागि एक सय ५६ दशमलव ११ हेक्टर जग्गा व्यवस्थापन भइसकेको छ। यहाँ कूल एक हजार चार सय मिटर लम्बाई र ४० मिटर चौडाईको विमानस्थल निर्माण हुनेछ।

# 'फोटोकपी'बजेट आउने परिपाटी अन्त्य गर्छौं

**टुडे समाचारदाता**

काठमाण्डु। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय बजेट प्रणालीमा आमूल परिवर्तन गर्ने प्रक्रिया अघि बढेको बताएका छन्।

सिंहदरबारमा शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमाविकासतथायोजनासँग सम्बन्धित विज्ञसहितको छलफलमा उनले परम्परागत बजेट प्रणाली देशको रुपान्तरणमा बाधक भएको बताए।

हरेक वर्ष पुरानै वर्षको 'फोटोकपी'का रुपमा नयाँ बजेट आउने परिपाटी रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यसपटक सार्वजनिक बहसको केन्द्रिकृत स्वरुपका रुपमा बजेट निर्माण गर्ने प्रक्रिया थालनी गरिएको बताए। सरकारको नीति तथा कार्यक्रम र बजेट निर्माणका लागि सबै क्षेत्रसँग बहस, छलफल गर्ने र सुझावलाई केन्द्रिकृत गरेर प्राथमिकताका आधारमा बजेट निर्माण गरिने



उनको भनाइ थियो। विषयगत विज्ञले उठाएका सवाल महत्वपूर्ण रहेको बताउँदै प्रधानमन्त्रीले नीति तथा कार्यक्रम र बजेटको ढाँचा र समयतालिकामा परिमार्जन गर्ने प्रक्रियाअन्तर्गत नै छलफल आयोजना गरेको स्पष्ट पारे।

"सबैको विवेकलाई केन्द्रित गरेर मात्र हामी ठीक ठाउँमा पुग्न सक्छौँ। हामीले सबै क्षेत्रमा आमूल सुधारतर्फ सोच्नैपर्छ", उनले भने, "यसपटक नीति तथा कार्यक्रम र बजेटमा राष्ट्रिय बहसको परिस्थिति सिर्जना गरेर सबैका सुझाव सङ्केन्द्रित गर्छौं। नीति तथा कार्यक्रम पहिला जनता, बुद्धिजीवी र जनप्रतिनिधिमा पठाइन्छ। त्यसलाई अन्तिमरूप दिएपछि मात्र सम्माननीय राष्ट्रपतिले संसद्मा पढ्नुहुन्छ।"

देशमा आर्थिक सङ्कट र गणतान्त्रिक व्यवस्थामाथि नै प्रश्न उठाउने कोसिस भइरहेको जटिल परिस्थितिमा सरकारको नेतृत्व लिएको प्रसङ्ग उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सङ्कटको निकास गर्ने जिम्मेवारी आफूमा रहेको बताए। "म सङ्कटका बेला प्रधानमन्त्री भएँ। देशलाई सङ्कटबाट मुक्त गर्न मैले लगातार कोसिस गरिरहेको छु", उनले भने, "तीन तहको सरकार नै प्रभावकारी बनाउने गरी छलफल गरेका छौँ। प्रदेश र स्थानीय तहलाई बलियो नबनाइकन व्यवस्था बलियो बनाउन सकिँदैन। यसमा हामी गम्भीर छौँ। हामीले फड्को हान्न सक्नुपर्छ।"राष्ट्रिय योजना आयोगको समन्वयमा भएको सो छलफलमा विभिन्न क्षेत्रका विज्ञले सरकारले निर्दिष्ट गर्नुपर्ने कार्यदिशाबारे सुझाव दिएका थिए।

कार्यक्रममा योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठले उत्पादन र रोजगारी वृद्धिसँगै अर्थतन्त्रका धेरै समस्या सम्बोधन हुने भएकाले यस विषयलाई केन्द्रमा राखेर सोह्रौं योजनाको मस्यौदा तयार भइरहेको जानकारी गराएका थिए। छलफलमा विज्ञले योजना छनोट प्रक्रिया हचुवा र पहुँचमुखी हुने कुरा रोक्नुपर्ने, अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्ने योजना निर्माण गर्नुपर्ने, व्यापार, वित्त र विनिमयको उदारीकरणको चपेटामा पर्दै गएको विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने र उत्पादनका साधनमा बहुसंख्यक जनताको पहुँच पुऱ्याउनेतर्फ सोच्नुपर्नेमा जोड दिए।

# सङ्कटमा पुगेको अर्थतन्त्र लयमा फर्केको प्रधानमन्त्रीको भनाई

**टुडे समाचारदाता**

त्रिशूली। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कमजोर अवस्थामा पुगेको देशको अर्थतन्त्र क्रमशः सुधारको बाटोमा ल्याउन सफल भएको बताएका छन्।

नुवाकोटको विदुरमा शुक्रबारदेखि सुरु भएको आठौँ नुवाकोट महोत्सवलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले एक वर्षअघि आफू प्रधानमन्त्री हुँदाको समयमा निकै सङ्कटमा पुगेको देशको अर्थतन्त्र अहिले लयमा फर्किएको स्पष्ट पारेका हुन्। "अर्थतन्त्र सुधारका सूचकहरू अहिले सकारात्मक अवस्थामा छन्", उनले भने, "देश र विदेशका विभिन्न निकाय तथा सरोकारवालासँग निरन्तरको बहसका क्रममा प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय र राष्ट्र बैंकको थुप्रै प्रयासले सङ्कटमा पुगेको अर्थतन्त्र लयमा ल्याउन सफल भएका हौँ।"तेह्र महिनाअघि आफू तेस्रो पटक प्रधानमन्त्री हुँदा कमजोर भएपनि अहिले अर्थतन्त्रमा निकै सुधार भएकाले यही क्रम रहेमा विस्तारै मुलुकलाई समृद्धितर्फ लैजान सकिने प्रधानमन्त्री दाहालको विश्वास छ।

"अहिले बैंकको ब्याजदर घट्दै गएको छ। पर्यटनको आवागमनमा सुधार तथा राजस्व सङ्कलनमा १० प्रतिशतले वृद्धि हुँदै विदेशी मुद्राको सञ्चिती इतिहासमा नै सुधार गरेर एक वर्षलाई पुग्ने बनाएका छौँ", उनले भने, "रेमिट्यान्समा ३० प्रतिशत वृद्धि, जग्गाको कारोबार चलायमान र जलवायु परिवर्तनको कारण पुगेको असरलाई प्रतिरक्षा गर्न प्राप्त अन्तर्राष्ट्रिय सहयोगको आकार बढाउँदै ल्याएकाले कमजोर बनेको अर्थतन्त्र लयमा फर्किएको हो।"

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेट निर्माणको कार्य प्रारम्भ भएकाले सुध्रिएको अर्थतन्त्रको कारण उत्पादन, रोजगार र जनमुखी बजेट ल्याउन केन्द्रित हुने प्रधानमन्त्री दाहालले उल्लेख गरे। उत्पादन र रोजगारका निमित्त कृषि क्षेत्रको विकासलाई आधुनिकीकरणतर्फ लम्काउने प्रयासमा वर्तमान सरकार सक्रियरूपमा लागिरहेको उनको भनाइ थियो।

पर्यटन क्षेत्रको विकासका लागि छिमेकी मुलुक चीन र भारतीय समकक्षीसँग छलफल भइरहेकाले देशको विकास र समृद्धि छिट्टै नयाँ चरणमा प्रवेश गर्ने प्रधानमन्त्री दाहालले विश्वास व्यक्त गरे।

# कांग्रेसले सुशासनलाई पार्टीको मन्त्र बनाउनुपर्ने थापाको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीले सुशासनलाई पार्टीको मन्त्र बनाएर अगाडि बढाउनुपर्ने बताएका छन्।

नेपाली कांग्रेस काठमाडौँ जिल्ला सम्मेलनलाई शुक्रबार सम्बोधन गर्दै उनले देशको विकासका लागि कांग्रेसले सुशासनलाई पार्टीको मूल मन्त्र बनाएर अगाडि बढाउनुपर्ने बताएका हुन्। महामन्त्री थापाले पछिल्लो समय संविधानमाथि प्रहार गर्ने कोसिस भइरहेको बताए। "संविधानमाथि आक्रमण भइरहेको छ, यस्ता अवरोध बेलाबेलामा आइरहन्छन्, यस्ता अवरोधसँग जुध्दै जाने हो चिर्दै जाने हो", उनले भने। उनले काठमाडौँमा कांग्रेस सबैभन्दा ठूलो पार्टी भएको भन्दै काठमाडौँलाई अगाडि बढाउन कांग्रेसले महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताए।

उनले स्थानीय निकाय र पार्टीबीच समन्वय हुन नसकेको आम गुनासो रहेको भन्दै त्यसलाई चिर्न जरुरी रहेको उल्लेख गरे। उनले भ्रष्टाचारी जोगाउनका लागि सरकार लाग्न नहुने बताए। "दोषी उम्कनुहुन्न, निर्दोष फस्नुहुन्न, भ्रष्टाचारी, ठग भिआईपी हुँदैन", उनले भने।

महामन्त्री थापाले सुशील कोइरालाको दृढता र लचकताका कारण संविधान निर्माण भएको बताउँदै अग्रज नेताको आस्था, निष्ठा र नैतिकताबाट पछिल्लो पुस्ताले पाठ सिक्नुपर्ने बताए। कांग्रेस नेता प्रदीप पौडेलले काठमाडौँका जनताले पार्टीले गरेको मूल्याङ्कनका आधारमा निर्णय लिने गरेको स्मरण गरे। उनले विस २०४८ सालपछि नेपालमा धेरै विकास भएको उल्लेख गरे। "आम जनताको गुनासो छ, देशमा सुशासन हुन सकेन, भ्रष्टाचार नियन्त्रण हुन सकेन भन्ने छ, त्यसलाई कांग्रेसले गम्भीर भएर सोच्नुपर्छ", उनले भने।

नेता पौडेलले स्वास्थ्य, शिक्षा र न्याय आम नागरिकले खोजेको भन्दै त्यो दायित्व पूरा गर्न कांग्रेस लाग्नुपर्ने बताए। उनले पार्टीका नेता होइन कार्यकर्ताले टिकट दिने व्यवस्था बनाउनुपर्ने बताए। काठमाडौँका जिल्ला सभापतिलाई कांग्रेसले टिकट दिन नसकेको उनको भनाइ थियो।

कांग्रेसका सहमहामन्त्री भीष्मराज आङ्देम्बेले नीति अधिवेशनले सङ्गठनलाई चुस्त, दुरुस्त बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे। "अब देश र जनताले खोजेकोजस्तो पार्टी बनाउनका लागि नीति अधिवेशनले आवश्यक बाटो पहिल्याएर अगाडि बढ्नुपर्छ", उनले भने। कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले जनप्रतिनिधि र पार्टीका बीचमा समन्वय नहुँदा समस्या परेको बताए। पार्टीभित्र देखिएको तिक्ततालाई एकतामा ल्याउनका लागि सबै लाग्नुपर्ने उनको भनाइ थियो। प्रदेश सभापति बानियाले टिकट दिने पद्धतिमा परिवर्तन गर्न जरुरी रहेको बताए। प्रदेशसभा सदस्य प्रभात तामाङले जनप्रतिनिधि र पार्टीबीच तालमेल हुन नसकेको उल्लेख गरे। कीर्तिपुर नगरपालिकाका प्रमुख राजकुमार नकर्मीले समुदाय एकातिर, कांग्रेस अर्कातिर हुँदै गएको आभास भएको बताए। काठमाडौँमहानगरपालिका-२६का वडाअध्यक्ष ख्यामराज तिवारीले गुटको व्यक्तिलाई टिकट दिँदा पार्टी कमजोर भएको बताए।काठमाडौँ क्षेत्र नं ९ का सभापति जयकृष्ण महर्जन, कांग्रेस काठमाडौँ महानगर सभापति नीलकाजी शाक्य, टोखा नगरपालिका-४ का सभापति रवीन्द्र श्रेष्ठलगायतले पार्टीलाई चलायमान बनाएर अगाडि बढ्न सुझाव दिए।

# 'सकारात्मक नतिजाका लागि दृढताका साथ प्रण गरौँ'

**टुडे समाचारदाता**

काठमाण्डु। सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारले अघि बढाएका कार्यक्रमलाई निर्धारित समयभित्रै सम्पन्न गर्नेतर्फ मातहत निकायका प्रमुखलाई निर्देशित गरेकी छन्।


सञ्चार मन्त्रालयमा शुक्रबार आयोजित अर्धवार्षिक समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा मन्त्री शर्माले भने, "सबैले आत्मसमीक्षा गरौँ, सकारात्मक नतिजा हासिल गर्न दृढताका साथ प्रण गरौँ।"चालु आर्थिक वर्ष २०८०/८१ को बाँकी अवधिसम्ममा निर्धारित काम सम्पन्न गर्न निर्देशन दिँदै मन्त्री शर्माले एकअर्काको कमीकमजोरी औँल्याएर नभई जिम्मेवार भएर काम गर्नुपर्ने बताईन्। "मन्त्री र सचिवको कामजोरी भए पनि खुलस्त भन्नुहोस्, यहाँहरुले पनि आत्मसमीक्षा गर्नुहोस", उनले भने, "समीक्षा बैठकमा 'हुन्छ' भन्ने तर काम नगर्ने प्रवृत्ति स्वीकार्य छैन।"



मातहतका कार्यालय प्रमुखको ध्यान कार्यालयभन्दा अन्यन्त्र केन्द्रित हुँदा समस्या पैदा भएको उल्लेख गर्दै मन्त्री शर्माले तोकिएको जिम्मेवारी पूरा गर्नेतर्फ ध्यानाकर्षण गराईन्। कानुनको परिधिभित्र रहेर निर्णय गर्न निर्देशन दिँदै उनले असल मनसायका साथ गरेको निर्णयलाई मन्त्रालयले अभिभावकका रुपमा जिम्मेवारी लिने स्पष्ट पारिन्।

"अहिले पनि केही कार्यालय प्रमुख अनुसन्धानको घेरामा हुनुहुन्छ, सकारात्मक भावनाका साथ काम गर्दा डराउनु पर्दैन", मन्त्री शर्माले भने। स्रोतको सुनिश्चितता हुँदाहुँदै पनि प्राथमिकता प्राप्त आयोजनाको प्रगति न्यून हुनु गम्भीर विषय भएको उनले उल्लेख गरिन्। राष्ट्रिय योजना आयोगका सदस्य अनिता शाह ढुङ्गानाले स्रोतको सीमितताका बीचबाट उत्कृष्ट नतिजा निकाल्नुपर्ने बाध्यात्मक अवस्था रहेको उल्लेख गरे। "जुन कार्यक्रमले तत्काल परिणाम दिन्छ, त्यसतर्फ लगानी गर्नुपर्छ" उनले भने। मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले मन्त्रालयको समग्र पूँजीगत खर्च अत्यन्त न्यून देखिनु गम्भीर विषय रहेको भन्दै पूँजीगत खर्च वृद्धि गर्ने सामर्थ्यको विकास गर्नुपर्ने बताए। पूँजीगत खर्च हुन नसक्नुका कारण खोज्नुपर्नेमा जोड दिँदै उनले नवप्रवर्तनका योजनालाई चाँडो कार्यान्वयनमा लैजान निर्देशन दिए। सचिव सुवेदीले चालु आवको बाँकी अवधिमा निश्चित कार्यतालिका बनाएर काम आग्रह गरे।

# जर्जियामा बन्दुकधारीद्वारा चारजनाको हत्या



एएफपी

त्बिलिसी । दक्षिणपूर्वी जर्जियाली शहर रूस्ताभीमा आक्रमणकारी समूहले गाली हानी चार जनाको हत्या गरेको छ । प्रहरीले आक्रमणमा सम्लग्न भएको आरोपमा एक व्यक्तिलाई नियन्त्रणमा लिएको त्यहाँको गृह मन्त्रालयले शुक्रबार जनाएको छ ।

सन् १९८८ मा जन्मिएका ती संदिग्ध आक्रमणकारीले राजधानी त्बिलिसीबाट २५ किलोमिटर टाढा एक लाख २६ हजार मानिसको औद्योगिक केन्द्र रूस्तावी शहरको बजारमा केही राउण्ड गोली चलाएका थिए ।"बजारमा काम गर्ने संदिग्धका काकासहित चार जनाको मृत्यु भएको छ," मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।'शङ्कास्पद व्यक्तिलाई घटनास्थलबाट नै सुरक्षा नियन्त्रणमा लिइएको छ मन्त्रालयले जनाएको छ ।

उक्त आक्रमणमा अर्को एक जना घाइते भएका र उनलाई अस्पताल लगिएको छ ।समाचार तयार पार्दासम्म आक्रमण के उद्देश्यले गरिएको थियो भन्नेबारे अझै नखुलेको र घटनाबारे अनुसन्धान शुरू गरिएको प्रहरीले जानकारी गराएको छ ।

जर्जियामा अवैध रूपमा हतियार राख्नेलाई छ वर्षको जेल सजाय हुन सक्छ त्यसैले सशस्त्र झडपका घटना विरलै हुने गरेका छन् ।

गत वर्ष एक अवकाशप्राप्त सैनिक अधिकारीले देशको पूर्वी काखेती क्षेत्रमा आक्रमण गर्दा प्रहरी अधिकारीसहित पाँच जनाको मृत्यु भएको र अन्य पाँच जना घाइते भएका थिए ।सन् २०१४ मा, जर्जीया सरकारले पहिले खुकुलो पारिएका बन्दुकसम्बन्धी कानुनहरूलाई कडा बनाएको थियो, जसले गर्दा मानिसहरूले विशेष अनुमति बिना बन्दुक किन्न वा बोक्न गैरकानुनी हुने घोषणा गरिएको थियो ।

# रूससंगको बन्दी आदान प्रदानमा युक्रेनी स्वदेश फर्के



सिन्ह्वा

कीएभ ।सेवा व्यक्तिहरू रूससँगको नयाँ कैदी आदान प्रदान प्रक्रिया अन्तर्गत १०० युक्रेनी सुरक्षाकर्मी घर फर्केको युद्ध बन्दीहरूका उपचारको समन्वयका लागि स्थापित केन्द्रीय कार्यालयले बिहीबार जनाएको छ ।

स्वदेश फिर्ता गरिएकामध्ये ८० भन्दा बढी मारिउपुल सहर र अजोभस्टल स्टिल प्लान्ट संरक्षणका लागि लडेका सैनिकहरू रहेका छन् । यसबाहेक, डोनेट्स्क र लुहान्स्कमा लडाइँमा भाग लिने सिपाहीहरूलाई पनि बन्दी आदानप्रदान अन्तर्गत रिहा गरिएको छ । मुक्त भएकामध्ये कम्तीमा २८ जना गम्भीर घाइते भएका र गम्भीर रोगबाट पीडित रहेको छन् ।

युक्रेन र रूसबीच सन् २०२२ मार्चपछि ५१ पटक बन्दी आदानप्रदान भएको र यसअन्तर्गत रूस-युक्रेन द्वन्द्वमा बन्दी बनाइएका कूल तीन हजार १३५ युक्रेनीमध्ये धेरैलाई रिहा गरिएको छ ।

# खेल मैदान निर्माणका लागि बजेट विनियोजन गरिने



टुडे समाचारदाता

डडेल्धुरा । सुदूरपश्चिम प्रदेशका भौतिक पूर्वाधारमन्त्री प्रकाश देउवाले आगामी आर्थिक वर्षमा जिल्लामा खेल मैदान निर्माण गर्न बजेट विनियोजन गरिने बताएका छन् ।

जिल्लास्तरीय १४औँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको शुक्रबार सदरमुकाम टुँडिखेलमा उद्घाटन गर्दै मन्त्री देउवाले जिल्लामा एउटा मात्रै खेल मैदान भएकाले थप मैदान निर्माणका लागि आगामी आवमा बजेट विनियोजन गर्ने बताए ।

डडेल्धुरामा पर्शुराम नगरपालिकाबाहेक अन्यत्र खेल मैदान छैन । कार्यक्रमका प्रमुख अतिथि रहेका मन्त्री देउवाले खेल क्षेत्रले राष्ट्रको गौरव बढाउने काम गरेको जनाउँदै डडेल्धुरा पनि खेलकुदका क्षेत्रमा अग्रणी स्थानमा रहेको बताए । उनले खेल क्षेत्रको विकास गर्न सुविधा सम्पन्न खेलमैदान आवश्यक भएकाले आगामी आवमा सुविधा सम्पन्न रगंशाला निर्माण गरिने प्रतिबद्धता व्यक्त गरे ।

प्रदेश सरकारले खेलकुद क्षेत्रमा बजेट विनियोजन गरी वर्षभरी खेल्ने वातावरण सिर्जना गर्नका लागि स्थानीयस्तरमा खेलमैदान, बहुउदेश्यीय कभर्डहल निर्माण गर्ने रणनीति लिएको मन्त्री देउवाले प्रष्ट पारे । विद्यालयस्तरमा होस् या जिल्लास्तरमा व्यवस्थित खेल संरचना निर्माण सुरु गर्ने उनले जनाए ।

राष्ट्रिय क्रिकेट टिममा धेरै खेलाडी सुदूरपश्चिमका रहेका भन्दै अव्यवस्थित खेलमैदानमा प्रतिस्पर्धा गर्न समस्या हुने गरेको पालिकाका तर्फबाट सहभागी खेलाडी विधार्थीको भनाइ थियो । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि जिल्ला सदरमुकाम आएका विधार्थीले बहुउपयोगी खेलमैदानको आशा राखेका छन् । खेलमा रुचि भए पनि भौतिक र आर्थिक कारणले वञ्चित हुनुपर्ने अवस्था रहेको अजयमेरुका खेलाडीले बताए ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सात पालिकाबाट भलिवल, एथ्लेटिक्स, कवड्डी, मार्सलआर्टका विभिन्न विधामा छात्रछात्रा सहभागी भएर प्रतिस्पर्धा गरिरहेका छन् । कार्यक्रमको उद्घाटनसत्रमा प्रदेशका सांसद, सात पालिकाका प्रमुख, जिल्ला समन्वय समितिका प्रमुख, विभिन्न राजनीतिक दलका प्रतिनिधि, सुरक्षा संयन्त्रका प्रमुख, खेलप्रेमीलगायतको सहभागिता थियो ।

# पाकिस्तानमा खान निकट स्वतन्त्र उम्मेदवारको समूहलाई अग्रता



एएफपी

इस्लामावाद । पाकिस्तानमा बिहीबार सम्पन्न निर्वाचनमा इमरान खानको पार्टी पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई)ले प्रारम्भिक मतगणनाका क्रममा १५० सिटमा अग्रता लिएको दाबी गरेको छ ।

पीटीआईका अध्यक्ष ब्यारिस्टर गोहरको एक्स (ट्वीटर) अकाउन्टमा शेयर गरेको एक भिडियोमा पूर्व प्रधानमन्त्री खानले पीटीआईले १५० मतको अग्रता लिएको उल्लेख गरिएको छ ।

यद्यपि, एएफपीका अनुसार शुक्रबार बिहानसम्म सार्वजनिक १३ स्थानको नतिजामा खान निकट स्वतन्त्र उम्मेदवारले पाँच र पूर्व प्रधानमन्त्री नवाज सरिफ निकट पाकिस्तान मुश्लिीम लीग-नवाज (पीएमएल-एन) ले चार स्थानमा जीत हाँसिल गरेका छन् ।

मत गणनासँगै थप उर्जावान बनेका खानले भिडियोमा पञ्जाब, खैबर पख्तुनख्वालगायत सम्पूर्ण पाकिस्तानमा पीटीआईको नेतृत्वमा सरकार बनाउने दाबी गर्नुभएको छ । खानको आधिकारिक एक्स अकाउन्ट भनिने पीटीआईका अध्यक्ष ब्यारिस्टर गोहरको नामबाट खोलिएको एक्स अकाउन्टमा एक भिडियोमा लेखिएको छ, "इन्शअल्लाह पीटीआईले पञ्जाब, केपी र संघीय क्षेत्रमा सरकार बनाउनेछ । रातारात परिणाम परिवर्तन गर्ने कुनै पनि प्रयासलाई पाकिस्तानका जनता वा स्थानीय र अन्तर्राष्ट्रिय पर्यवेक्षक र मिडियाले कुनै पनि हालतमा विफल पार्नेछन् र स्वीकार गर्ने छैनन् ।"

भिडियोमा भनिएको छ, "पीटीआईले २०२४ को चुनावलाई पूर्ण बहुमतले जितेको छ । संसारले यसको साक्षी बनायो । अब परिणामको हेरफेरले पूर्ण अराजकता र अस्थिरताबाहेक अरू केही हासिल गर्दैन । जनताले निर्णय गरेका छन् ! उनीहरूको निर्णयको सम्मान गरौँ ।"

यसबीच पीटीआईका महासचिव ओमार अयुब खानले भन्नुभएको छ, "व्यापक धाँधली भइरहेको छ र यो पूर्णतया असम्भव छ ।"उहाँले निर्वाचन व्यवस्थापन प्रणालीको विश्वसनीयता र 'पर्दा पछाडिको प्रणालीलाई नियन्त्रण गर्ने अरू कोही' को बारेमा उहाँको आशङ्काको बारेमा चेतावनी दिँदै भन्नुभएको छ, "मैले पहिले पनि 'आरओ'हरूलाई चुनावपछि केही पनि धाँधली नगर्न भनेको थिएँ, तर उनीहरूले त्यही गरिरहेको देखिन्छ । आरओ एनए १९७ का शब्दहरूले राष्ट्रलाई पिरोल्न पुगेको देखिन्छ ।

उहाँले थप्नुभयो, "पूर्णतया अस्वीकार्य ‼ पीटीआईले करिब दुई करोड ५० लाखदेखि तीन करोडसम्म भोट पाएको छ । पाकिस्तानका जनता र देशले यस्ता 'धँदला काल (२०१८ देखि २०२३ सम्म' को अवधि) पीडादायी घटनालाई थप सहन सक्दैन ।"

यसैबीच, पीएमएल-एनकी नेतृ मरियम औरङजेबले पञ्जाब प्रान्तमा पीएमएल-एनले जितेको दाबी गर्नुभएको छ । उहाँले भन्नुभयो, "पाकिस्तान मुस्लिम लिग (एन) ले सङ्घ र पञ्जाबमा सरकार बनाउनेछ र सार्वजनिक सेवाको नयाँ युग सुरु हुनेछ ।"

औरङजेबल अगाडि भन्नुभयो, "पार्टीको निर्वाचन समितिको नतिजा आउने क्रम जारी छ । मोबाइल र इन्टरनेट सेवा उपलब्ध नहुँदा नतिजा प्राप्त गर्न कठिन भएको छ । मुस्लिम लीग (एन) को स्थिति मजबूत छ ।" उहाँले अल्लाहको कृपाले पाकिस्तान मुस्लिम लिग (एन) ले जनताको सेवा गर्ने र उनीहरूलाई उनीहरूको समस्याबाट सदा झैं मुक्त गर्ने आफ्नो गम्भीर प्रतिबद्धता पूरा हुने बताउनुभएको छ ।

खानको दल पीटीआईले नतिजा सार्वजनिक गर्न ढिलाई भएपछि नतिजामा व्यापक धाँधली भएको आरोप लगाए पनि पाकिस्तानको गृह मन्त्रालयले भने नतिजाको प्रक्रियामा ढिलाई भइरहेको चिन्ताको पुनरावलोकन गरिएको जनाएको छ । मन्त्रालयले ढिलाइलाई निर्वाचन सुरक्षाका लागि अपनाइएको 'सञ्चारमा नियन्त्रण' को कारण बताएको छ ।

यसैबीच निर्वाचन आयोगले निर्वाचन नतिजा सार्वजनिक गर्न ढिलाई भएको स्वीकार गर्दै विविध प्राविधिक कारणले नतिजा घोषणामा ढिलाई भएको तर सन्तोषप्रद नै रहेको भन्दै आगामी नतिजा कुनै अवरोधविना सहजरूपमा आउने विश्वास व्यक्त गरेको छ ।

# सुशील कोइराला स्मृति दिवसमा दौड प्रतियोगिता

टुडे समाचारदाता

मोरङ । पूर्वप्रधानमन्त्री स्व सुशील कोइरालाको आठौँ स्मृति दिवसका अवसरमा यहाँ महिला तथा पुरुषको खुला दौड प्रतियोगिता आयोजना गरिएको छ ।

शुक्रबार बिहान विराटनगरको महेन्द्र (जनआन्दोलन) चोकदेखि बगरगाछीसम्म चार किलोमिटरको दौड प्रतियोगिता भएको हो ।

प्रतियोगितामा महिलातर्फ अंशु मण्डल, तुलसा खतिवडा र रोशनी साह क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् ।

यसैगरी पुरुषतर्फ अमर यादव, याङ्देव राई र सुनिल मेहता क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् ।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले विजयीलाई नगदसहित प्रमाणपत्र वितरण गर्दै खेलकुदका लागि आवश्यकपर्ने पूर्वाधार, प्रशिक्षण एवं सामग्री उपलब्ध गराउन नगरले सधैँ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले खेलकुदका माध्यमबाट नगर, प्रदेश र मुलुकको नाम विश्वमा राख्न खेलाडीले निरन्तर अभ्यास गर्नुपर्नेमा जोड दिए ।

प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव हंशराज वाग्ले र कार्यक्रम संयोजक प्रकाश दाहालले खेलकुदका माध्यमबाट आजका युवालाई अनुशासित बनाई मुलुकको विकासमा लाग्न योग्य बनाउनुपर्ने धारणा राखे । शुक्रबार भएको प्रतियोगितामा महिला र पुरुष गरी ३३ जनाको सहभागिता थियो ।

# स्पोर्टस् अवार्डका शीर्ष तीन खेलाडीको नाम सार्वजनिक

टुडे समाचारदाता

काठमाण्डु । नेपाली खेलकुदको प्रतिष्ठित 'एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड २०७९' को चार विधाका शीर्ष तीन खेलाडीको नाम शुक्रबार सार्वजनिक गरिएको छ ।

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को खेलाडी छनोट समितिले आज यहाँ आयोजित पत्रकार सम्मेलनमा चार विधाका शीर्ष तीनभित्र परेका खेलाडीको मनोनयन सार्वजनिक गरेको हो ।

वर्ष उत्कृष्ट पुरुष खेलाडी, वर्ष उत्कृष्ट महिला खेलाडी, वर्ष उत्कृष्ट युवा खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षकको शीर्ष तीनमा मनोनयन गरिएको हो । वर्ष उत्कृष्ट प्रशिक्षकमा एथलेटिक्सका चन्द्रबहादुर गुरुङ, बक्सिङका दीपक महर्जन र क्रिकेटका जगत् टमाटा छन् ।

त्यस्तै वर्ष उत्कृष्ट पुरुष खेलाडीमा क्रिकेटका आशिफ शेख र रोहितकुमार पौडेल तथा एथलेटिक्सका दीपक अधिकारी शीर्ष तीनभित्र पर्न सफल भए । वर्षको उत्कृष्ट महिला खेलाडीमा बास्केटबलकी अनुशा मल्ल, एथलेटिक्सकी पुष्पा भण्डारी र राजपुरा पछाईँ तथा वर्ष युवा खेलाडीमा क्रिकेटका देव खनाल, एथलेटिक्सकी राममाया बुढा र बक्सिङकी सुष्मा तामाङ शीर्ष तीनको मनोनयनमा पर्न सफल भए ।

उत्कृष्ट तीनबाट कार्यक्रमकै दिन विजेता चयन गरिने छनोट समितिका संयोजक प्रज्वल ओलीले जानकारी दिए । यस संस्करणदेखि चार विधामा समान आठ जना मनोनयनमा समावेश गरिएको थियो । यसअघि पाँच जनाको मनोनयन सार्वजनिक हुने र तीमध्येबाट अवार्डकै दिन विजेता घोषणा गर्ने गरिन्थ्यो ।

यस संस्करणबाट अवार्ड आयोजनाको केही दिन अगाडि नै शीर्ष तीनको मनोनयन सार्वजनिक गर्न थालिएको हो । पल्सर स्पोर्ट्स अवार्डमा प्रदान गरिने नौ विधामध्ये पाँच विधाको मनोयनन कार्यक्रमअघि नै सार्वजनिक हुने परम्परा छ । पिपल्स च्वाइस विधामा भने पाँच मनोनयन नै यथावत र तीमध्येबाट अवार्डकै दिन विजेता घोषणा हुनेछ । मञ्चका महासचिवसमेत रहेका खेलाडी छनोट समितिका संयोजक ओलीले वर्ष २०७९ मा उत्कृष्ट प्रदर्शन गर्ने बढीभन्दा बढी खेलाडी तथा प्रशिक्षकलाई स्पोर्ट्स अवार्डमा समेट्ने उद्देश्यअनुरूप सुरुआतमा शीर्ष आठको मनोनयन गरिएको बताए ।

"हाम्रो उद्देश्य धेरैभन्दा धेरै नेपालका खेलकर्मीले यो अवार्डप्रति अपनत्व होस् भन्ने उद्देश्य हो, त्यसैले सुरुमा आठ जनासम्म मनोनयन बढाएका हौँ", संयोजक ओलीले भने । पिपल्स च्वाइसमा फुटबलका अनन्त तामाङ, करातेका विप्लवलाल श्रेष्ठ, भलिबलकी निरुता ठगुन्ना, टेबलटेनिसकी सिक्का सुवाल श्रेष्ठ र शारीरिक सुगठनकी रजनी श्रेष्ठ मनोनयनमा परेका छन् ।

मञ्चले पिपल्स च्वाइस विधाको भोटिङ पनि अन्तिम चरणमा पुगेको जनाएको छ । उनीहरूका लागि ई-सेवाबाट भोटिङ चलिरहेको छ ।

स्पोर्ट्स अवार्डका अन्य विधामा पारा एथलेटिक्स सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्डको घोषणा भने यही माघ २८ गते कार्यक्रमकै दिन हुनेछ ।

यसपटक वर्ष पुरुष, महिला, युवा, प्रशिक्षक र पिपल्स च्वाइस गरी पाँच विधाका विजेताले बजाज पल्सर मोटरसाइकल पुरस्कार पाउनेछ ।

अन्य विधाका विजेतालाई जनही रु ५० हजार र बीमा पोलिसी प्रदान गरिनेछ । बीसौँ संस्करणको उक्त अवार्ड माघ २८ गते याक एण्ड यती होटलमा आयोजना हुँदैछ ।

# फिलिपिन्समा पहिरो गएको ६० घण्टापछि बालिकाको 'चमत्कारिक' उद्धार



एएफपी

मनिला । फिलिपिन्सको दक्षिणी क्षेत्रमा सुन खानीमा पहिरो जाँदा पुरिएको गाउँबाट करिब ६० घण्टापछि शुक्रबार एक बालिकालाई उद्धार गरिएको छ ।

वर्षाका कारण आएको पहिरोमा परी कम्तीमा १५ जनाको मृत्यु भएपछि बेपत्ता भएका १०० जनामध्ये उद्धार गरिएकी बालिकाको उमेर खुलाइएको छैन ।दक्षिणी मिन्डानाओ टापुको मसारा गाउँमा उद्धारकर्मीहरूले आफ्नो खाली हात र बेल्चाप्रयोग गरेर बाँचेकाहरूको खोजी गरिरहेको अवस्थामा उनी फेला परेको डाभाओ डी ओरो प्रान्तका विपद् निकायका अधिकारी एडवर्ड म्याकापिलीले एएफपीलाई बताउनुभयो । "यो एक चमत्कार हो", मकापिलीले भन्नुभयो, "यसले उद्धारकर्ताहरूलाई आशा जगाएको छ ।

बच्चाको लचिलोपन सामान्यतया वयस्कहरूको तुलनामा कम हुन्छ, तैपनि बच्चा बाँचेको छ ।"खोजीकर्ताहरूले हराएका बाँकी व्यक्तिहरू जीवित भेटिने आशा निकै कम रहेको बताएका छन् ।एक उद्धारकर्मीले रोइरहेको, माटोले पोतिएको बच्चालाई काखमा लिएर गएको भिडियो फेसबुकमा शेयर गरिएको छ ।

म्याकापिलीले भन्नुभयो, "सामाजिक सञ्जालको पोस्टमा बच्चालाई कुनै पनि चोटपटक नलागेको अवस्थामा देखिन्छ ।" बालिकालाई स्वास्थ्य परीक्षणका लागि लैजानुअघि उनका पिताले बच्चालाई भेटेको स्थानीय सञ्चारमाध्यमले अधिकारीहरूलाई उद्धृत गरी उल्लेख गरेका छन् । मङ्गलबार राति आएको पहिरोले घरहरू भत्कनुका साथै सुनखानीबाट कामदार लिन पर्खिरहेका तीन वटा बस र जीपसमेत जलेका थिए ।

घटनामा कम्तीमा १५ जनाको मृत्यु हुनुका साथै ३१ जना घाइते भएका छन् भने एक सयभन्दा बढी अझै हराइरहेका सरकारी अधिकारीहरूले बताएका छन् । शुक्रबार यस क्षेत्रमा वर्षा भएपछि खोजीकर्ताहरूले समय र मौसमसँग जुध्दै बाक्लो हिलोमा अरू कोही पनि जीवित फेला पार्ने आशामा उद्धारलाई निरन्तरता दिइरहेका छन् । उद्धारकर्ताहरूले ठाउँठाउँमा गह्रौं माटो सार्ने उपकरणहरू प्रयोग गरिरहेका छन् तर तिनीहरूले आफ्नो नाङ्गो हात र बेल्चाको भरमा दर्जनौँ व्यक्तिलाई सकुशल र १५ जनालाई मृत अवस्थामा पहिरोबाट बाहिर निकालेका छन् ।

माटो र भग्नावशेषमा पुरिएकाहरू पत्ता लगाउन खोजी कुकुरको पनि प्रयोग गरिएको छ ।मिन्दानाओको केही भागमा हप्तौंदेखि परेको वर्षाका कारण दर्जनौँ पहिरो र बाढीका कारण दशौँ हजार मानिस आपतकालीन आश्रयस्थलमा बस्न बाध्य भएका छन् ।हालैका महिनाहरूमा आएको विनाशकारी भूकम्पले पनि यस क्षेत्रलाई अस्थिर बनाएको छ ।थप पहिरो जाने डरले मसरा र आसपासका चार गाउँका सयौं परिवारले आफ्नो घर छोडेर आपतकालीन केन्द्रमा आश्रय लिनुपरेको छ ।

नगरपालिकाभरका विद्यालयले पठनपाठन बन्द गरेका छन् ।सन् २००७ र २००८ मा गएको पहिरोपछि पहिरो प्रभावित क्षेत्रलाई 'नो बिल्ड जोन' घोषणा गरिएको तर गाउलेहले आफ्नो जन्मथलो छोड्न नमान्दा पहिरोबाट पिडित हुनुपरेको मकापिलीले बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारले उनीहरूलाई सार्न गरेको आग्रहलाई मानेको भए दुर्घटना हुने थिएन ।"

# सुन्तलाको उत्पादन बढ्यो, किसानलाई बजारकै चिन्ता



टुडे समाचारदाता

सल्लेरी । हिमाली जिल्ला सोलुखुम्बुमा यस वर्ष सुन्तला उत्पादन चार सय मेट्रिकटनभन्दा धेरैले वृद्धि भएको छ। जिल्लामा गत आर्थिक वर्ष २०७९/०८० को तुलनामा चालु आव २०८०/ ०८१ मा चार सय ६९ मेट्रिकटनले वृद्धि भएको कृषि ज्ञान केन्द्र सोलुखुम्बुले जनाएको छ।

ज्ञान केन्द्रका सूचना अधिकारी कुलबहादुर राईका अनुसार अघिल्लो आर्थिक वर्ष एक हजार छ सय ९० मेट्रिकटन सुन्तला उत्पादन भएको जिल्लामा यस वर्ष दुई हजार एक सय ५९ मेट्रिकटन उत्पादन भएको छ । हाल दुई सय ९५ हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिँदै आएको ज्ञान केन्द्रको तथ्याङ्क छ। यसमा दुई सय ५७ हेक्टर क्षेत्रफलमा लगाइएको सुन्तलाले उत्पादन दिएको सूचना अधिकारी राईले बताए। यस वर्ष उत्पादन दिने बिरुवाको संख्या बढेसँगै उत्पादन पनि बढेको उनको भनाइ छ।

जिल्लाको आठ पालिकामध्ये खुम्बु पासाङ ल्हामू गाउँपालिकाबाहेक सबै स्थानीय तहमा सुन्ताल खेती हुने गरेको ज्ञान केन्द्र प्रमुख दुर्गाबहादुर तिरुवाले जानकारी दिए । उनले भने, " सोलुखुम्बु हिमाली जिल्ला भए पनि यहाँको धेरै क्षेत्रमा सुन्तलाखेती राम्रो हुन्छ, खुम्बुमा चिसो भएकाले खेती हुँदैन त्यसबाहेक अरू सबै पालिका क्षेत्रमा यसको खेती राम्रो हुन्छ, गत वर्ष रोग, किरा र फलमा देखिने औँसाले दुःख दिएकाले सुन्तला उत्पादन घट्यो यस वर्ष बेलैमा उपचार भएर रोग किरा नियन्त्रण हुँदा उत्पादन बढ्यो।" जिल्लामा उत्पादित सुन्तलाको झण्डै ६० प्रतिशत हिस्सा थुलुङ दूधकोसीले ओगटेको कृषि ज्ञान केन्द्रले जनाएको छ। थुलुङ दूधकोसीको देउसा क्षेत्र सुन्तलाखेतीको प्रचुर सम्भावना बोकेको ठाउँ भएकाले यहाँ बढी उत्पादन भएको ज्ञान केन्द्र प्रमुख तिरुवाले बताए।

देउसालाई जिल्लाको सुन्तला भण्डारकै रुपमा लिइन्छ। सदरमुकाम सल्लेरीस्थित साप्ताहिक हाट नयाँबजारमा बिक्रीका लागि ल्याइने अधिकांश सुन्तला देउसाकै हुने गरेको ज्ञान केन्द्रका सुचना अधिकारी राईको भनाइ छ। "जिल्लालाई देउसाकै सुन्तलाले धानेको छ, अन्य ठाउँहरुमा खासै व्यावसायिक रुपमा सुन्तलाखेती नभए पनि देउसामा व्यावसायिक सुन्तला खेती हुन्छ, यसका कारण देउसाको सुन्तलाले बजार नै ओगटेको छ, त्यहाँको सुन्तला बगान त हेर्दै रहर लाग्दा छन्, देउसाको सुन्तला स्वादको हिसाबले समेत निकै स्वादिष्ट छ त्यही भएर माग पनि राम्रो छ त्यहाँको सुन्तलाको," उनले भने। ज्ञान केन्द्रको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/०७९ मा एक हजार एक सय ३४ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो। यस्तै आर्थिक वर्ष २०७९/०८० मा एक हजार छ सय ९० मेट्रिकटन र चालु आर्थिक वर्ष दुई हजार एक सय ५९ मेट्रिकटन सुन्तला उत्पादन भएको ज्ञान केन्द्रको तथ्याङ्क छ।

बजारीकरणमा समस्या

जिल्लामा उत्पादन हुने सुन्तलाको बजारमा भने समस्या रहेको छ। जिल्लाको विभिन्न क्षेत्रमा वार्षिक दुई हजार मेट्रिकटनभन्दा धेरै सुन्तला उत्पादन भए पनि बजारीकरणको समस्या रहेको किसानको गुनासो छ। उत्पादित सुन्तलाले बजार नपाउँदा यत्तिकै कुहिएर खेर जाने गरेको देउसाका किसान सङ्गम राईले गुनासो गरे। उनले भने, "सुन्तला धेरै फल्यो भनेर रमाउनु मात्रै हो, बजार छैन, फलेर के गर्नु, त्यतिकै कुहिएर खेर जाने गरेको छ। यहाँको बजारमा कति नै पो बिक्छ र ? धेरै उत्पादन भए पनि खासै भाउ नै छैन, गाउँमा त सबै वस्तुभाउलाई चारो पकाएर दिने हो। त्योभन्दा अरू विकल्प नै छैन नि।"

हाल जिल्लामा उत्पादन भएको सुन्तलाको बजार जिल्लाभित्र मात्रै सीमित बनेको छ। जसका कारण बजारीकरणमा समस्या रहेको किसानको दुखेसो छ। देउसाको सुन्तला जिल्ला सदरमुकाम सल्लेरीसम्म ढुवानी गरेर किलोको रु ५० मा पनि बिक्री नहुने गरेको देउसाका किसान अम्बर राईको भनाइ छ। उनले भने, "बजार नपाउँदा सिजनमा फलेको सुन्तलाबाट किसानले खासै राम्रो आम्दानी गर्न सकेका छैनन्, बजार सानो छ, खाने मान्छे कम छन्, त्यसैले गर्दा हामीले फलाएको सुन्तलाको केही भाउ छैन, रोग किरा, औँसाबाट कति दुःख गरेर जोगाउनुपर्छ, फलेपछि बजारमा भाउ छैन, किसानलाई जताबाट पनि घाटा नै घाटा, सुन्तलाखेतीबाट यसो आम्दानी होला कि भनेर बारीभरि सुन्तलाको बोट रोपियो, योबाट पनि खै त आम्दानी यस्तै त रहेछ नि।" जिल्लामा उत्पादित सुन्तला व्यावसायिक रुपमा अन्यत्र निर्यात गर्न सकेको छैन।

थुलुङ दूधकोसी गाउँपालिकाले केही मात्रामा सुन्तला काठमाडौँ पुऱ्याएर बिक्री गरे पनि पालिका क्षेत्रमै उत्पादित सबै सुन्तला ढुवानी गर्ने व्यवस्था हुन नसकेको किसान सङ्गम राईले बताए। साथै जिल्लामा सुन्तलाबाट जुस उत्पादन गर्ने व्यवस्था नहुँदा फल यतिकै खेर जाने गरेको किसानको दुखेसो छ। स्थानीय सरकारले सुन्तला, कागती, जुनारजस्ता सिजनमा हुने फलहरुबाट जुसहरु तयार गर्न सके किसानको लगानी र मेहनतको सदुपयोग हुने नेलेका सन्तोष खत्रीले बताए।

हाल जिल्लामा उत्पादन हुने सुन्तला खानकै लागि मात्रै प्रयोग हुँदा किसानले सोचेजस्तो आम्दानी लिन नसकेको उनको भनाइ छ। यहाँ उत्पादन हुने सुन्तला ढुवानी गरी अन्य जिल्लामा समेत पुऱ्याउन सके बजारको चिन्ता नहुँने सल्लेरीका मिङ्मार शेर्पाले बताए। देउसामा उत्पादन हुने सुन्तला अहिले साप्ताहिक हाट नयाँ बजारको भरपर्नु परेको छ। हाट बजारमा बिक्री नभएको सुन्तला किसानले यतिकै फर्काएर लैजानुपर्दा गाडी भाडा तथा ज्यालामा समेत दोहोरो घाटा हुने किसानको दुखेसो छ। सुन्तलाबाट जुस बनाएर बाहिर निर्यात गर्ने सवालमा आफूहरु गम्भीर रहेको थुलुङ दूधकोसी गाउँपालिका प्रवक्ता भोजराज कार्कीले बताए।

किसानको मेहनत र लगानीलाई खेर जान नदिन स्थानीय सरकार ठोस योजनाका साथ बढ्ने उनको भनाइ छ। "हामीले जुस उत्पादन गर्ने कारखाना त खोल्छौँ तर यति मात्रै सुन्तलाले पुग्दैन, त्यसैले उत्पादनलाई अझै बढाउन आवश्यक छ, फेरि यो फल याममा मात्रै उत्पादन हुने फल भएकाले यसलाई भण्डारण गर्ने उचित व्यवस्थापनका लागि पनि हामी योजना बनाएर अघि बढ्छौँ, केही ठाउँमा त हामीले भण्डारण केन्द्र पनि बनाइसकेका छौँ," उनले भने।

# आमा समूहद्वारा सामूहिक आलुखेती



टुडे समाचारदाता

गलेश्वर । परम्परागतरुपमा गरिँदै आएको गहुँ तथा तोरीखेतीबाट राम्रो आम्दानी नभएपछि म्याग्दीको बेनी नगरपालिका-२ अम्बोटका महिलाले सामूहिक आलुखेती गरेका छन्। अम्बोट आमा समूहमा आबद्ध ३० महिलाले ३० रोपनी जग्गामा सामूहिक आलुखेती गरेका हुन्।

कृषि ज्ञान केन्द्र म्याग्दीले समुदायस्तरमा कृषि उत्पादन प्रवर्द्धन आयोजनाअन्तर्गत सो समूहलाई रु तीन लाख अनुदानबाट दुईवटा हाते ट्र्याक्टर, औजार, स्प्रे मेसिन, सिँचाइ पाइपलगायत औजार अनुदानमा दिएको छ। रु एक लाख ८१ हजार लागतमा बीउ खरिद गरी आलुखेती विस्तार गरिएको अम्बोट आमा समूहकी अध्यक्ष लक्ष्मी घिमिरेले जानकारी दिए।

अनुकुल वातावरण, सहज बजार मूल्य, अनुदान प्राप्त भएपछि उत्साहित समूहमा आबद्ध ती महिलाले दुई हजार पाँच सय ५० किलो खायन प्रजातिको आलुको बीउ लगाएका हुन्। "सिङ्गो गाउँ आलुखेतीमा आकर्षित भएको छ, अनुदान र प्राविधिक सहयोगले आलुखेती विस्तारमा निकै सहज भएको छ", अध्यक्ष घिमिरेले भने। समूहमा काम गर्दा एकापसमा ज्ञान तथा सीप आदानप्रदान समेत भएको भन्दै यसपटक लगाइएको आलु राम्रो उत्पादन भएको अध्यक्ष घिमिरेको भनाइ छ। अनुदान र समूहको सामूहिक लगानीमा विस्तार गरिएको आलुको उत्पादनसँगै आगामी वर्ष थप योजना बनाउने समूहकी सचिव सुनिता घिमिरेले बताए। समूहमार्फत खेती प्रवर्द्धनका लागि आवश्यक पर्ने तालिमसहित प्राविधिक ज्ञान र नियमित अनुगमनले समेत आलुखेतीका लागि सहज भएको जनाइएको छ।

समूहले लगाएको आलुखेतीको अवस्थाका बारेमा ज्ञान केन्द्रका प्रतिनिधिसहित वडाअध्यक्ष यामबहादुर कार्कीको उपस्थितिमा समेत सार्वजनिक सुनुवाइमा प्रगति प्रस्तुत गरिएको थियो। आलुखेतीको सम्भावना भएको क्षेत्र भएकाले बेनी -२ का आम्बोटलगायत विभिन्न बस्तीमा आलुखेतीको विस्तार र कृषकले उत्पादन गरेको आलुलाई बजारीकरणमा सघाउने वडाअध्यक्ष कार्कीले बताए। "घरायसी प्रयोजनका लागि मात्रै खेती गर्ने गरिएको थियो, अहिले गाउँमा व्यावसायिक आलुखेतीमा समेत आकर्षण बढेको छ", उनले भने।

चालु आर्थिक वर्ष २०८०/०८१ मा कृषि ज्ञान केन्द्रले आलु खेतीका लागि जिल्लाभर तीन करोडको कार्यक्रममार्फत छनोट भएका कृषक समूह र सहकारीलाई प्रतिरोपनी रु १२ हजारका दरले बीउ खरिदलगायत उपकरण किन्नका लागि अनुदान उपलब्ध गराइरहेको कृषि ज्ञान केन्द्रका प्राविधिक श्यामसरण कुर्मीले जानकारी दिए। कम्तीमा १० घरधुरी समेटिएको ३० रोपनीभन्दा बढीमा आलुखेती गर्ने १८ वटा समूह तथा सहकारी अनुदानका लागि छनोट गरी कूल लागतको ७५ देखि ८५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइएको छ। जिल्लामा स्थानीय सेतो, रातो जातको आलु, नीलो, कार्डिनल र एमएस ४२ नामक आलु उत्पादन हुन्छ।

# चिराइतो मूल्य बढ्दो, उत्पादन घट्दो



टुडे समाचारदाता

फुङ्लिङ। पछिल्लो समयमा चिराइतोको बजार मूल्य क्रमिक रुपमा बढ्दै गएको छ । तर उत्पादन भने घट्दै गएको छ। कोभिडको समयमा नाका बन्दको समय चिराइतो निकासी हुन सकेन।

किसानले लगाएको चिराइतोको मूल्य समेत पाउँन मुस्किल भएपछि किसानले खेती गर्न छोडेका थिए। तर अहिले बजार मूल्य बढ्दै गएको छ, तर उत्पादन भने विगतको तुलनामा घट्दै गएको छ।

फक्ताङलुङ गाउँपालिका-४ सुङसाबुका अमर लिम्बूले विगतमा ३५ मनसम्म चिराइतो उत्पादन गर्थ्यो। उनले चिराइतो भरियामार्फत ढुवानी गरेर बिक्रीका लागि ओलाङचुङगोलासम्म पुऱ्याउथ्यो।ओलाङचुङगोलानजिकै रहेको टिप्ताला नाका हुँदै चिराइतो चीनमा निर्यात हुन्थ्यो। तेह्रथुम, पाँचथर,इलामरताप्लेजुङमाउत्पादन हुने चिराइतो ओलाङचुङगोला हुँदै चीनमा निर्यात हुने गरेको थियो। तर कोभिड-१९ का कारणले टिप्ताला नाका बन्द भएसँगै अहिलेसम्म नाका खुलेको छैन। नाका बन्द हुँदा किसानले उत्पादन गरेको चिराइतो लामो समय बजार पाउन सकेन। किसानले उत्पादन गरेको चिराइतोको बजार नपाएसँगै धेरै किसानले चिराइतोखेती गर्न समेत छोडेर अन्य पेसा अँगाल्न पुगेका छन्।

उनले विगत ३५ मन चिराइतो बिक्री गनुहुन्थो, तर गत वर्ष सात मन मात्र बिक्री गरे। उनले प्रति मन रु ३६ हजारमा गाउँमा नै व्यापारी आएर खरिद गरेको किसान लिम्बूले बताए। उनले भने, "अहिले गाउँमा चिराइतो खेती छोडी सक्यो। लामो समय बजार मूल्य बढ्न नसकेको कारणले चिराइतो खेती गर्न छोडेर केही वैदेशिक रोजगारीमा गइसकेका छन्। हामी थोरैले मात्र यसो औषधीका लागि खेती गर्दै आएका छौँ।" उनका अनुसार सुङसाबु गाउँमा विगतमा एक सय मनभन्दा बढी चिराइतो उत्पादन हुन्थो। तर यस वर्ष भने ४५ मनको हाराहारीमा चिराइतो उत्पादान भएको छ।

फुङलिङ नगरपालिका-१० टेकमान भट्टराईले यस वर्ष अहिलेसम्मकै उच्च मूल्यमा चिरोइतो बेचेर मनग्य आर्जन गरे। कोभिड महामारीका बेला ६० रोपनी जग्गामा सात किलो चिराइतो छरेका उनले प्रतिकेजी रु एक हजार एक सय २५ का दरले सात क्विन्टल चिराइतो घरबाटै बिक्री गर्नुभयो। चिराइतो बिक्रीबाट किसान भट्टराईले मनग्य आम्दानी गरे। ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका–७ का चिराइतो खरिद बिक्री गर्दै आएको चिराइतो व्यापारी टाँसी शेर्पाले यस वर्ष ५० मन चिराइतो सङ्कलन गरेर झापाको विर्तामोडमा लगेर बिक्री गरे। उनका अनुसार अहिले ताप्लेजुङमा प्रतिमन रु ४५ हजारमा खरिद बिक्री हुँदै आएको छ।

गाउँमा उत्पादित चिराइतो बजारसम्म लैजान डिभिजन वन कार्यालयमा प्रतिकिलो रु १५ राजस्व बुझाउनुपर्छ। चालु आर्थिक वर्षमा ताप्लेजुङबाट पाँच हजार आठ सय २० केजी चिराइतो निकासी भएको डिभिजन वन कार्यालय ताप्लेजुङले जनाएको छ। सो बापत रु ८७ हजार तीन सय राजस्व सङ्कलन भएको छ। गत वर्ष पाँच हजार आठ सय केजी ताप्लेजुङ चिराइतो उत्पादन भएको थियो भने चिराइतोबाट ८७ हजार राजस्व सङ्कलन भएको डिभिजन वन कार्यालय ताप्लेजुङको तथ्याङ्क छ।

वन कार्यालयको तथ्याङ्कअनुसार ताप्लेजुङमा आव २०७७/०७८ मा १६ हजार तीन सय केजी चिराइतो सङ्कलन भएको र यसबाट रु दुई लाख ४४ हजार पाँच सय राजस्व सङ्कलन भएको थियो। विगतका तुलानामा चिराइतो उत्पादनमा क्रमिक घट्दै गएको देखिन्छ। चिराइतो सङ्कलन गरेर जिल्लाबाहिर लैजान अनेक प्रक्रियागत झन्झट रहेको चिराइतो सङ्कलक व्यापारी बताउँछन्। झार वर्गको यो वनस्पति सङ्कलनका लागि २८ महिनामा मात्रै योग्य हुने गरेको छ। तर एक पटक लगाएपछि बर्सेनि लगाउनु भने पर्दैन। पाकेको फूल आफैँ झर्छ र त्यहीँ उम्रन्छ। पहिलो वर्ष काण्डवृद्धि नभई त्यसबाट पात पलाई मूलाजस्तो हुने, दोस्रो वर्ष जमिनमाथि काण्ड विकास भई हरेक आँख्लामा हाँगा र पात पलाएर आउने र यसमा फूल फुल्ने र बीउ लाग्ने किसान बताउँछन्। दुई वर्षमा सप्रेको बोट १.५ मिटरसम्म अग्लो हुने किसानहरूको भनाइ छ।

नेपालमा कूल उत्पादनको ९० प्रतिशत चिराइतो विदेश निर्यात हुन्छ। यसमध्ये ८० प्रतिशत भारतमा मात्र निर्यात हुने बताइएको छ। बाँकी २० प्रतिशत चीन, स्विडेन, हल्यान्ड, मलेसिया, सिङ्गापुर, जर्मनी, इटाली, फ्रान्स, स्विजरल्यान्ड, श्रीलङ्का, बङ्गलादेश, पाकिस्तान, अमेरिकालगायत देशमा निर्यात हुने वनस्पति विभागले जनाएको छ। यो जडीबुटी विभिन्न प्रकारका रोग निको पार्न प्रयोग गरिन्छ। परम्परागत चिकित्सा पद्धति जस्तै आयुर्वेद, युनानी, होमियोप्याथी, सिद्धा, सोवारिग्पामा घरेलु औषधीका रुपमा चिराइतोको प्रयोग हुने गर्दछ।

मुख्यगरी यसको प्रयोग बलवर्द्धक, ज्वरोनाशक र कब्जियत खुलाउनका लागि प्रयोग हुने वनस्पति विभागले जनाएको छ। तिब्बती चिकित्सा पद्धतिमा चिराइतोको प्रयोग पित्त र ज्वरोको प्रयोग हुने उल्लेख गरिएको छ। महिलामा हुने महिनावारी गडबडी, कब्जियत, पित्तनाशक, शरीर सुन्निएको ठाउँमा, श्वेत प्रदर, छाला रोग, दाद निको पार्न/गर्न प्रयोग गर्न सकिन्छ भने चिराइतोबाट ब्याक्टेरिया, ढुसी आदि पनि निर्मूल गर्न सकिन्छ।

वनस्पति विभागका अनुसार नेपालको पूर्वी भेग ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, संखुवासभा, धनकुटा, भोजपुरदेखि मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, गोरखा, सल्यान, रोल्पा, डोल्पा, अछाम, डोटी, डडेलधुरा, बाजुरालगायत जिल्लामा प्राकृतिक रूपमै चिराइतो हुने गर्दछ।

# करिब ३२ प्रतिशत व्यापारिक संस्था दर्ताबिनै सञ्चालनमा





टुडे समाचारदाता

काठमाण्डु । मुलुकभित्र सञ्चालनमा रहेका थोक तथा खुद्रा व्यापार गर्ने कूल चार लाख ९८ हजार ५८ व्यापारिक प्रतिष्ठानमध्ये ६८ दशमलव २३ प्रतिशत कुनै न कुनै सरकारी निकायमा दर्ता भएको र ३१ दशमलव आठ प्रतिशत प्रतिष्ठान दर्ताबिनै सञ्चालन भइरहेको तथ्याङ्क सार्वजनिक भएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले शुक्रबार सार्वजनिक गरेको नेपाल व्यापार सर्वेक्षण, २०७८ ले यस्तो तथ्याङ्क देखाएको हो। सर्वेक्षणअनुसार सबैभन्दा बढी मधेस प्रदेशमा सञ्चालित ४८ प्रतिशत व्यापारिक प्रतिष्ठान दर्ताबिनै सञ्चालन भइरहेको देखिएको छ। त्यस्तै कोशी प्रदेशका ३८ दशमलव पाँच, कर्णालीका ३३ दशमलव आठ, सुदूरपश्चिमका २८ दशमलव आठ, लुम्बिनीका २६ दशमलव नौ, गण्डकीका २५ दशमलव एक र बागमतीका २४ दशमलव सात प्रतिशत व्यापारिक प्रतिष्ठान दर्ताबिनै सञ्चालन भइरहेका छन्।

थोक व्यापार गर्ने छ दशमलव ४२, खुद्रा व्यापार गर्ने ३३ दशमलव ३८ र सवारी व्यापार तथा मर्मतसम्भार गर्ने २२ दशमलव ५४ प्रतिशत संस्था दर्ताबिनै सञ्चालन भइरहेको पनि सर्वेक्षणबाट देखिएको छ ।सर्वेक्षण प्रतिवेदनअनुसार व्यापार क्षेत्रमा ११ लाख ३० हजार छ सय ४५ जना मानिस संलग्न छन्। सोमध्ये महिला चार लाख तीन हजार नौ सय ६४ जना अर्थात् ३६ प्रतिशत र पुरुष सात लाख २६ हजार छ सय ८१ जना अर्थात् ६४ प्रतिशत रहेका छन्।

दर्ता भएका चार लाख ९८ हजार ५८ व्यापारिक प्रतिष्ठानमध्येमा ७४ दशमलव दुई प्रतिशतमा पुरुष र २५ दशमलव आठ प्रतिशत महिलाको नाममा दर्ता छन्।

व्यापारमा आबद्ध व्यक्तिमध्ये सबैभन्दा धेरै बागमती प्रदेशका ३२ दशमलव नौ प्रतिशत रहेका छन्। त्यस्तै लुम्बिनी प्रदेशका १६ दशमलव चार, कोशीका १६ दशमलव आठ, मधेसका १४ दशमलव तीन, गण्डकीका नौ दशमलव पाँच, सुदूरपश्चिमका पाँच दशमलव नौ र कर्णालीका चार दशमलव दुई प्रतिशत रहेका छन्। व्यापारमा जोडिएका कूल व्यक्तिको संख्यामध्ये खुद्रा व्यापारमा मात्र ८८ दशमलव ६५ प्रतिशत व्यक्ति आबद्ध रहेको सर्वेक्षणबाट देखिएको छ।

व्यापार व्यवसायमा संलग्न रहेका अधिकांश व्यक्ति जागिर गर्नेभन्दा पनि आफ्नो व्यवसायमा आबद्ध हुने गरेको पाइएको छ। सर्वेक्षणले यस क्षेत्रमा तलब ज्याला र अन्य सुविधा लिई काम गर्नेभन्दा तलब त्याला र अन्य सुविधा नलिइ परिवारका सदस्य नै काममा सन्तान रहेका व्यक्तिको संख्या बढी रहेको देखिएको छ। यस क्षेत्रमा संलग्न जम्मा कामदारमध्ये तलब ज्याला र अन्य सुविधा पाउने कामदारको संख्या दुई लाख १९ हजार पाँच सय ५१ छ।

जसमा महिला ४५ हजार नौ जना अर्थात् २० दशमलव ५० प्रतिशत र पुरुष एक लाख ७४ हजार पाँच सय ४२ जना आर्थत् ६० दशमलव ६० प्रतिशत छन्।

तलवी कामदार भएका व्यापारिक प्रतिष्ठानको तलब ज्याला र अन्य सुविधामा प्रतिप्रतिष्ठान औसत वार्षिक रु छ लाख चार हजार नौ सय १२ खर्च हुने गरेको देखिएको छ। त्यस्तै प्रतिकामदार औसत वार्षिक रु दुई लाख आठ हजार चार सय ९४ खर्च देखिन्छ ।होलसेल व्यापार, खुद्रा व्यापार र सवारीसाधन तथा मर्मतसम्भार व्यापार गरी तीन वटा क्षेत्रमा विभाजन गरी अध्ययन गरिएको छ। जसमा सबैभन्दा धेरै मुनाफा (मार्जिन) सवारीसाधन तथा मर्मतसम्भारमा देखिएको छ। यस क्षेत्रमा २४ दशमलव ०२ प्रतिशत मार्जिन देखिएको छ। त्यस्तै, होलसेल व्यापारमा १३ दशमलव ०१ र खुद्रा व्यापारमा १८ दशमलव २८ प्रतिशत मार्जिन रहने गरेको देखिएको छ। समग्रमा व्यापारमा १८ दशमलव ५३ प्रतिशत मार्जिन रहेको सर्वेक्षणले देखाएको छ।

व्यापारिक प्रतिष्ठानको सञ्चालन खर्च जम्मा रु एक एक खर्ब ३३ अर्ब र प्रतिप्रतिष्ठान औसत सञ्चालन खर्च रु दुई लाख ६४ हजार देखिएको छ। यस सर्वेक्षणको प्रमुख उद्देश्य विभिन्न वस्तुहरुको खरिद तथा बिक्री गर्दा हुने व्यापार अन्तर (ट्रेड मार्जिन) अनुमान र व्यापारिक प्रतिष्ठानको रोजगारी, तलबरज्याला, पुँजी निर्माण आदि तथ्याङ्क आकलन गर्नु रहेको कार्यालयले जनाएको छ।

यो सर्वेक्षण छनोट विधिमा आधारित राष्ट्रियस्तरको सर्वेक्षण हो। सर्वेक्षणमा आर्थिक गणना २०७५ बाट प्राप्त मुलुकभित्र रहेका सरकारी निकायमा दर्ता भएका तथा दर्ता नभई अनौपचारिकरुपमा सञ्चालन भएका व्यापारिक प्रतिष्ठानको अध्ययन गरिएको छ।

कूल १५ हजार दुई ९९ व्यापारिक प्रतिष्ठानबाट लिइएको तथ्याङ्क र सर्वेक्षणका आधारमा यो अध्ययनको नतिजा निकालिएको कार्यालयले जनाएको छ।

# सम्झौता

टुडे समाचारदाता

काठमाण्डु। नेपाल र अष्ट्रेलियाबीच व्यापार तथा लगानीसम्बन्धी सम्झौता भएको छ। परराष्ट्रमन्त्री एनपी साउदको अष्ट्रेलिया भ्रमणका क्रममा उक्त सम्झौता भएको उहाँको सचिवालयले जनाएको छ। अष्ट्रेलियाका लागि नेपालका राजदूत कैलाशराज पोखरेल र अष्ट्रेलियाका सहायक विदेशमन्त्री टिम वाट्सबीच उक्त सम्झौतामा हस्ताक्षर भएको हो।

परराष्ट्रमन्त्री साउद र अष्ट्रेलियाली समकक्षी पेनी वोङको उपस्थितिमा उक्त सम्झौतामा हस्ताक्षर भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

हस्ताक्षर सम्पन्न भएपछि दुवै देशका परराष्ट्रमन्त्रीले नेपाल र अष्ट्रेलियाबीचको मैत्रीपूर्ण सम्बन्ध थप उचाइमा पुऱ्याउन सम्झौता महत्वपूर्ण हुने धारणा राखेका थिए। सम्झौतामा हस्ताक्षर गर्नुभएका अस्ट्रेलियाली सहायक विदेशमन्त्री वाट्सले अष्ट्रेलिया र नेपालबीचको सम्बन्ध जनस्तरसम्म नै पुगेको बताए। "अष्ट्रेलिया र नेपाल निकटका मित्रराष्ट्र हुन्। हाम्रो सम्बन्ध जनस्तरसम्म गाँसिएको छ। हाम्रो देशमा नेपाली मूलका अष्ट्रेलियालीको समुदाय तीव्ररूपमा बढिरहेको छ", सम्झौतामा हस्ताक्षर गरेपछि वाट्सले सामाजिक सञ्जाल एक्समामा लेखेका छन्।

वाट्सले गत वर्ष नेपाल भ्रमण गरेका थिए। उक्त भ्रमणका क्रममा आफूले नेपाल सरकार, विभिन्न क्षेत्रका नेतृत्वसँग आपसी सम्बन्ध थप गहिराइमा पुऱ्याउने अवसर र उपायबारे कुराकानी गरेको स्मरण गरे। साथै उनले परराष्ट्रमन्त्री साउदसँग भएको भेटवार्तामा दुवै देशबीचको आर्थिक सम्बन्ध थप गहिराइ पुऱ्याउने विषयमा छलफल गरेको स्मरण गर्दै दुवै देशबीच आर्थिक तथा लगानी फ्रेमवर्कमा हस्ताक्षर गर्ने अवसर मिलेकोमा खुसी व्यक्त गरेका थिए। उक्त छलफलपछि दुवै देशबीचको आर्थिक सम्बन्ध थप बलियो बनाउने गरी दुवै देशका अधिकारीले औपचारिक सम्झौताका लागि पटकपटक छलफल गरेका थिए।

### ज्ञान र सृजनको अविरल यात्रा

# साहित्य–कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव

टुडे समाचारदाता

जनकपुरधाम । ज्ञान , सृजनको अविरल यात्रा अन्तर्गत मैथिली विकास कोषले सम्पन्न गरेको साहित्य-कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सवले मैथिली भाषा , साहित्य , संस्कृति र कलालाई विश्वव्यापी बनाउने सन्दर्भमा नयाँ उर्जा प्रदान गरेको छ ।



कोषले महोत्सवको आयोजना गरी जनकपुरधामको स्वर्णिम इतिहासलाई स्मरण गराउँदै आएको छ । समसामयिक विषयमा गन्थन-मन्थन , कला , सांस्कृतिक प्रदर्शन गर्दै मातृभूमि एवम् मातृसंस्कृतिप्रति आफ्नो दायित्व निर्वहनको यो चौथौ यात्रामा पुनः कोषले मैथिली भाषा , साहित्य , कला , संस्कृतिका साथै समाज , पर्यावरण ,अर्थ , युवा , महिला सम्बन्धी विमर्शको आयोजना गरी तत्वबोध गराउन सफलता प्राप्त गरेको छ ।

मिथिला मैथिलीको सामाजिक आयाम , सांस्कृतिक परिदृश्य , साहित्यिक विशद् संसार , लोक कला- संगीतको ऐतिहासिक व्याप्ति , रंगमंच र रंगकर्मीको पहुँच , भाषिक सांस्कृतिक सत्ता , प्रभुता र निजत्व , लोक संचेतना , पुस्तान्तरण , हस्तान्तरण र रुपान्तरण सहायक सिद्ध गर्ने बाटो पहिल्याउनमा महोत्सव आशाको सञ्चार गरेको छ । वेद , पुराण र रामायण। महाभारत आदि ग्रन्थमा वर्णित मिथिला आदिसभ्यतामध्य एक हो र प्राचीन सभ्यता मिथिलाको राजधानी जनकपुरधाम मिथिला सभ्यताको वाहक रहेको छ ।१८ औं शताब्दीको पूर्वाद्धमा चतुर्भुज गिरी सूरकिशोर दासको आगमन पश्चात पुनः आधुनिक जनकपुरधाम सम्प्रति मधेश प्रदेशको राजधानी रहेको छ । सांस्कृतिक राजधानीको नामले विख्यात जनकपुरधाम मैथिली भाषा , साहित्य , कला , सांस्कृतिक केन्द्र पनि हो । अध्ययन- अध्यापन , चिन्तन-मनन र विविध विषयमा गन्थन-मन्थन गर्नु यहाँको विशेषता पनि हो । कोष यस पृष्ठभूमिमा जनककालीन परम्परालाई अगाडि बढाउने श्रेयकर्ता बन्न पुगेको छ ।

बहुजातीय एवं बहुसांस्कृतिक पहिचानसहितको पाँच दिने महोत्सवलाई साहित्य , कला , नाट्य , संस्कृति , बौद्धिक , प्राज्ञिक रचनाधर्मी , कलाकर्मीको वर्गीय क्षेत्रगत कृतकर्म सिद्ध गर्नमा कोषका अध्यक्ष जीवनाथ चौधरी लगायत महोत्सव समितिका पदाधिकारी , सहभागीहरुले जनस्वीकृति तथा जनसरोकारका विषय र मुद्दा विशद् व्यापकत्व प्रदान गर्नु सफलताको औचित्यलाई स्पष्ट गर्ने आधार साबित भएको छ। भाषा , संस्कृति , राजनीतिसहित समसामयिक सबालमा विमर्श ,नेपाली र भारतीय टोलीद्वारा नाट्य प्रदर्शन । सांस्कृतिक कार्यक्रम , परम्परागत गीत गायन , ललितकला तथा लोककलाको प्रदर्शन ,वक्तृत्वकला प्रतियोगिता,पुस्तक प्रदर्शनीले अभियन्ता र विशेषज्ञहरुलाई उत्साहित ,सम्बद्ध क्षेत्र , समुदाय , विधा आदिको अभिलेखकिरण एवं मूल्यांकनमा सहयोग र सक्रिय रहन उद्बोधन गर्न सफल भएको छ । मैथिली , भाषा , संस्कृति क्षेत्रमा नेपाल र भारतमा सयौं संस्थाहरु छन् तर यस प्रकारको आयोजनमा मैथिली विकास कोष शीर्ष स्थान ओगटन सफल देखिएको छ । उद्योग ,व्यवसायको अवस्था दयनयि रहेको समयमा पनि आयोजनलाई सफल बनाउनु महत्वपूर्ण कार्य हो । आर्थिक गतिविधि कमजोर रहेको र प्रतिकूल समयमा पनि कोषले महोत्सवलाई निरन्तरता दिनु ऐतिहासिक हो ।

जनकपुरधाम गौरवशाली अतीत र उर्जायुक्त वर्तमानबीच जिउँदे छ । मानव सभ्यताको प्रारम्भकालदेखि नै ज्ञान विज्ञानको अनुसन्धान , उत्खनन् , विवेचन , परिष्करण र संग्रह गर्ने अदम्य इच्छा जनकपुरधामलाई पूर्वीय दर्शन र इतिहासको शीर्षमा विराजित गराएको तथ्य पनि महोत्सवले स्मरण गराएको छ ।शोभा यात्रा एवं नगर दर्शन , नव घर उठय पुराण घर..... ,सामाजिक संजाल की जञ्जाल ,हिउँको पृथ्वी यात्रा , जनकपुर गाथा , नेपाली के? तिनिटा रंगीन पाखिला , पानी बिना पडलै अकाल हो राम, चौकठिसँ चान दिश , मैथिली साहित्यमे युवा लेखन ।मिथिलामे सिमान्त , मातृभाषा शिक्षा , पारम्परिक गीत , काँट , मन मञ्च , विदेश जाइत मधेश , मिथिला चित्रकलामे समकालीनता, भाषाक सीमा आ अनुवाद , मैथिली संस्कृति लालित्य आ लोक व्यवहार , सामचको सामचको अविहा हे , कहिया भेटत प्रदेश भाषा ? , दुख हि जनम भेल , गोविन्द संस्मरण आ पुस्तक चर्चा , की सोचैत अछि आजुक युवा , नाट्य शिल्प आ बजार , कवि गोष्ठी , जोगाड. जस्ता कार्यक्रमको सार्थकता , सर्वस्वीकृतको उच्च मूल्यांकनको बाटो निर्माण गरेको छ ।लोक सरोकारका मुद्दा र विषय , भाषा- साहित्य , कला- संस्कृतिलाई केन्द्रमा राखी राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका विज्ञ , विद्वान र विशेषज्ञहरुको विचार , समकालीन अभिव्यक्ति जनकपुरधामको स्वर्णिम पहिचान पुर्नस्थापित गर्ने दिशामा सकारात्मक पहल मान्नु पर्दछ । बहस , छलफल र गन्थन-मन्थनले ने तत्वबोध हुन्छ यथार्थतालाई पुष्टि गरेको छ । विदेह परम्पराले सम्पोषित यो भूभागमा ज्ञान र सृजनको धार बगेको छ। कोषले दुई- दुई वर्षमा महोत्सवको आयोजना गरी सृजनधारलाई लोकसरोकारसँग आबद्ध गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। मेथिल सभ्यता , सांस्कृतिक ओज र गरिमाबाट देश , प्रदेश मात्र नभइ समग्र परिवेश आलोकित छ । आपसी एकता , सहिष्णुता सद्भावको संरक्षण , प्रवर्द्धन तथा समृद्धको यात्राको उच्च मूल्यांकन हुनु जरुरी छ।

# रंग-रस-विमर्शमय जनकपुरधाम

ब्लग :



श्यामसुन्दर शशि

माघ १८ देखि २२ सम्मअर्थात् गत बिहीबारदेखि सोमबारसम्म चलेको पाँच दिवसीय जनकपुरधाम साहित्य, कला तथा अन्तरराष्ट्रिय नाट्य महोत्सव- २०८० को क्रममा जनककालीन शस्त्रार्थको भूमि रंगमय, रसमय र विमर्शमय बन्यो । विभिन्न जाति-जाति, पेशाकर्मी तथा बालबालिका सम्मिलित सांस्कृतिक पहिचानसहितको भव्य तथा सभ्य शोभायात्रा अवलोकन गरेर नगरवासीको अनुहार हर्षित भयो । कार्यक्रमका सहभागीहरु गम्भीर विषयमा गहकिला तर्क-वितर्क (विमर्श)गर्नु भयो । पारम्परिक तथा आधुनिक मैथिली गीत-संगीत तथा नृत्यको आनन्द छ । यी दुई साधुले नै आधुनिक जनकपुरको खोजी गरेको किंवदन्ती छ । तर पृथ्वीनारायण शाहको नेपाल एकीकरण अधियान अन्तर्गत जनकपुर गोर्खा राज्यमा समाहित भयो । फरक सांस्कृतिक समूहका शाहवंशी शासकले सिंगै मुलुकमा'एउटै राजा एउटै देश, एउटै भाषा, एउटै भेष ।'को नीति ल्याए, यता नेपालको मिथिला, भोजपुरा, अवध, कोच, थारु, किरात, मगरात, नेवार आदि रैथाने भाषा र संस्कृति ओझेलमा पऱ्यो । ' यो महोत्सव मिथिलाको पुरानो गौरव गाथा पुर्नप्राप्ति गर्ने अभियान हो ।' साहित्यकार डा.राजेन्द्रप्रसाद विमलको प्रतिकृया थियो ।

महाकवि चन्दा झा मिथिलाको सीमाबारे लेख्नु भएको छ -

*'गंगाबहथिजनिक दक्षिण*
*दिशिपूर्वकौशिकीधारा ।*
*पश्चिमबहथि गंडकी उत्तर हिम बल विस्तारा ।*
*कमलात्रियुगा अमृता धेमुडा वागमती*
*कृतसारा ।*
*मध्यबहथि लक्ष्मण प्रमृति से*
*मिथिलाविद्यागारा ॥'*

अर्थात् पूर्वमा कोशी, पश्चिममा गण्डकी, उत्तरमा महाभारत पर्वत श्रृंखला तथा दक्षिणमा गंगा नदीबीचको समतल भू-भाग मिथिला हो । तिरबाट नदीले घेरिएको भू-भाग भएकोले मिथिलाको अर्को नाम तिरभूक्ति पनि हो । मिथिलावासी कहिल्यै पनि जलशंकटको सामना गर्नु परेको थिएन । यहाँका नदी, कुवा, इनार, पोखरी बाह्रै महिना पानीले भरिभराउ हुन्थे तर विगत केहि वर्षदेखि मिथिलाभूमिमा जलशंकट देखिन थालिएको छ । नदीसुख्खा छन् । चापाकलमा पानी आउँदैन । हिउदमा पनि चापाकल सुख्खा छ। जमिनमुनिको पानीको लेबल निरन्तर तल झर्दै छ। महोत्सवमा 'पानी बिनु पडरै अकाले हो राम...' शीर्षकमा जलशंकटमाथि गम्भीर विमर्श भएको थियो । जसमा जलविज्ञ अजय दीक्षित, चुरेविज्ञ विजय सिंह दुनुवार र नागदेव यादव, रत्नेश्वर लालकर्ण, सुरेश शर्मालगायत जल तथा पर्यावरणविज्ञहरु सहभागी थिए ।

यसकाअतिरिक्त नेपाली के ?, मातृभाषाशिक्षा, प्रदेशके भाषा, नेपाली के ?, नव घर उठय पुरान घर....?, सामाजिक संजालकिजंजाल?,मिथिलामधेशउर्बरकिजर्जर ? विदेश जाइतमधेश, आदिविषयमागंभीर विमर्श भएको थियो । मिथिलाको सांस्कृतिक पहिचान, मैथिली साहित्यमा युवा लेखन, चौखटसँ चान दिश शीर्षकको महिलाविमर्श र के सोच्दैछन् आजका युवा ?,मिथिला चित्रकलाको व्यवसायीकरण आदि विषयमा पनि गम्भीर मन्थन भएको थियो ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबू राउत, नेपाली कांग्रेसका सह-महामन्त्री महेन्द्र यादव, नेकपा एमालेका मधेश इन्चार्ज योगेश भट्टराई, मधेश प्रदेश, उद्योग,वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादव, भौतिक पूर्वाधार मन्त्री कृष्णा यादव, अर्थमन्त्री संजयकुमार यादव, राष्ट्रिय स्वतन्त्र पार्टीकी नेतृ शोभिता गौतम, रामकुमारी झांक्री, पूर्वमन्त्रीहरु रामचन्द्र झा, रामसरोज यादव, शत्रुघ्न महतो,जनकपुरधामउपमहानगर पालिकाकाप्रमुखमनोज कुमार साह, मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडि, राससका अध्यक्ष धर्मेन्द्र झा, चन्द्रकिशोर, शिव गाउले, देवेन्द्र भट्टराई, पार्वता चौधरी, जितेन्द्र सोनल, बृषेशचन्द्र लाल, डा.सुरेन्द्र लाभ, डा. भोगेन्द्र झा,डा.रेणुराज भण्डारी, विजयकान्त लाल, गोपालकिराती, डा.रामावतार यादव, डा. सूर्यनाथ मिश्र, डा.संजीवउप्रेती, रोशनजनकपुरी, परमेश्वर कापडिसंगै भारतबाट सहभागी भएका डा.रामानन्दझा रमण, डा. महेन्द्र नारायण राम, प्रदीप विहारी, डा.भवनाथ झा, डा.कमलमोहन चुन्नु, अनुराभ सौरभ, विकास वत्सनाभ, किशलय कृष्ण, डा.रंगनाथ दिवाकर, डा.अरबिन्द अक्कु लगायतका विद्वान विदुषीहरुले गहकिलो विचार राखेका थिए ।

आधुनिक र पारम्परिक गीत-संगीत एवं नाटकको प्रदर्शनले महोत्सवलाई रंग-रसमय बनाएको थियो । प्रियामल्लिक,



लिनु भयो । चार भाषाका ७ वटा उत्कृष्ट नाटकको आनन्द लिनु भयो अनि मिथिला भोजन, मिथिला चित्रकला, हस्तकला, चित्रकला कार्यशालाको प्रदर्शनी अवलोकन गर्नु भयो । बहस, छलफल, गीत-संगीत र नाटकको अवलोकन गरेर जुनसुकै उमेर, वर्ग, समुदाय, पेशा र रुचिकाव्यक्तिहरु भन्दै थिए- ' वाह ! गज्जव !'

मधेश प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र मैथिली विकास कोषको आयोजन तथा जनकपुरधाम उपमहानगरपालिकाको सह-आयोजनमा सम्पन्न महोत्सवमा मिथिला र जनकपुरधामको स्वर्णिम इतिहासमाथि गम्भीर छलफल भएको थियो । आधुनिक जनकपुरका निर्माताहरु जानकी मन्दिर र राम मन्दिरका आदि महन्त क्रमशः सूरकिशोर दास र चतुर्भुज गिरी, राराब क्याम्पस, सरस्वती, कन्या आदि अनेकौ स्कूल, मठ-मन्दिर, पुल-पुलेसा निर्माण गर्ने/गराउने रामस्वरुप रामसागर साह, बाह्र विघा रंगभूमि मैदानको घेराबेरा, आँखा अस्पताल र हजारी जनक संस्कृत कलेजको परिकल्पनाकार हजसामाजिक अभियन्ता मकेश्वरप्रसाद सिंह तथा साहित्यकार एवं पत्रकार सुन्दर झा शास्त्रीको कृतित्व एवं व्यक्तित्वमाथि छलफल भयो ।

पाँच दिवसीय महोत्सवमा मिथिला र जनकपुरको इतिहास, मैथिलीभाषा, साहित्य, कला, संस्कृति, मिथिला पेन्टिङसंगै नेपाली राजनीति, अर्थतन्त्र, जलशंकट, पर्यावरण, महिलातथायुवा सशक्तिकरण आदि विषयमाथि गम्भीर बहस र छलफल भएको थियो । सन् १७०० को पूर्वार्धमा जानकी मन्दिरका आदिमहन्त सूरकिशोर दास र राममन्दिरका आदि महन्त चर्तुभुज गिरी जनकपुर आएको इतिहासकारहरुको कथा

प्रियाराज, जुलीझा, पूनम मिश्रा, ललिल कामत, नविनकुमार मिश्र, सुभाष बिरपुरिया, रामनारायण ठाकुर, रविन्द्र झा तथा प्रियंका आदि कलाकारहरु आफ्नो गायन तथा हास्य अभिनयले दर्शक दीर्घालाई मन्त्रमुग्ध पारेका थिए ।

शिल्पी थिएटर, काठमाण्डुको घिमिरे युवराज र अमजद प्रवेजको लेखन र निर्देशनमा प्रदर्शित 'हिउँको पृथ्वी यात्रा'तथा रमेश रञ्जनको लेखन तथा अमजद प्रवेजदको निर्देशनमा लोकसञ्चार, जनकपुरले प्रदर्शन गरेको सामचको सामचको अबिहा हे.... नाटकमा आधुनिक शिल्प तथा अभिनयको उत्कर्ष देखिएको थियो । मिथिला नाट्यकला परिषद् (मिनाप)ले रोशन जनकपुरी लिखित तथा सुनिल कुमार मिश्रद्वारा निर्देशित जोगाड नाटक प्रदर्शन भएको थियो जसलाई दर्शकले औघी मन पराएका थिए ।असामको बरनाम(सांस्कृतिक समाज)को तिनिटा रंगीन पाखिला अर्थात् तीन सुन्दर पुतली, तुलसीपत्र आर्ट फाउण्डेशन, गुजरातको मन मञ्च, रंग सृजन एण्ड एशोसिएशन,बेगुसरायको काँट, राग-रंग पटनाको महेन्द्र मलंगियाको लंच र ऋषि वशिष्ठको गामसँ जाइत रेल गाडी कथामा आधारित नाटक दुखहि जनम भेललाई प्रेक्षकहरुले मुक्तकण्ठले प्रशंसा गरेका थिए ।

समग्रमा पाँच दिवसीय जनकपुरधाम साहित्य,कला तथा अन्तराष्ट्रिय नाट्य महोत्सवले मिथिला नगरी जनकपुरधामलाई रंगमय,रसमय र विमर्शमय बनाएको थियो ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी सहभागीसंगै कार्यक्रम अवलोकन गर्नेहरुप्रति आभार व्यक्त गर्दै अगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गर्नु भएको छ।

# पेट्रोलियम डिलर्स एशोसिएशनको अध्यक्षमा किसुनदेव साहको उम्मेदवारी



टुडे समाचारदाता

जनकपुरधाम । पेट्रोलियम डिलर्स एशोसिएशन जनकपुरधामको नयाँ नेतृत्वका लागि हुन लागेको निर्वाचनमा अध्यक्ष पदमा किसुनदेव साहले उम्मेदवारी घोषणा गरेका छन् ।

**८० जना मतदाताको नामावलीमा दुईजना कृष्ण आयल स्टोर्स जनकपुर र प्रशान्त आयल स्टोर्स रघुनाथपुर विधान अनुसार फर्जी मत रहेको दावी गरेका छन् ।**

शनिबार हुने निर्वाचनमा उनले आफ्नो अध्यक्ष पदमा उम्मेदवारी दावी गर्दै नयाँ पुस्तामा नेतृत्व हस्तान्तरणका लागि आफुले उम्मेदवारी दिएको बताए ।

उनले एशोसिएशनका अध्यक्ष बिष्णुदेव साहले फर्जी मतदाता बनाएर फेरि पनि आफ्नै उम्मेदवारी घोषणा गरेको प्रति उनले अब नयाँ पुस्ताले एशोसिएसशनको नेतृत्व पाउनुपर्ने दावी गरे ।

अध्यक्ष पदका आकांक्षी उम्मेदवार जनकपुर डिजेलका सञ्चालक किशुनदेव साहले जसरी पनि जालझेल गरेर पुनः अध्यक्ष बन्न वर्तमान अध्यक्ष विष्णुदेव साहले दुईवटा फर्जी मतदाता बनाएको प्रमाणसहित सार्वजनिक गरेका छन् ।

उनले ८० जना मतदाताको नामावलीमा दुईजना कृष्ण आयल स्टोर्स जनकपुर र प्रशान्त आयल स्टोर्स रघुनाथपुर विधान अनुसार फर्जी मत रहेको दावी गरेका छन् ।

लामो विवादका कारण नयाँ नेतृत्व चयन हुन नसकेको र कानुन अनुसार वर्तमान कार्य समितिको कार्यकाल माघ २७ गतेसम्म मात्र वैधानिक रहने भएकाले वर्तमान अध्यक्ष विष्णुदेवले धमाधम निर्वाचनको पूर्वसन्ध्यामा मतदाता नामावली सार्वजानिक गरेर चुनावमा धाँधली गर्न खोजेको आरोप लगाए ।

# कालीगण्डकीको शिला गढीमाई नगरपालिकामा

टुडे समाचारदाता

रौतहट । शालिग्रामका लागि प्रसिद्ध मानिने कालीगण्डकी नदी किनारको शिला रौतहटको गढीमाई नगरपालिकामा ल्याइएको छ ।

पर्वतको बेनीस्थित जुगेधारा भइ बग्ने कालीगण्डकी नदी किनारमा रहेको करिब दश टन तौल भएको उक्त शिला भगवान् शिवको मूर्ति बनाउनका लागि रौतहटस्थित गढीमाईमा ल्याइएको हो ।

पर्वतबाट बुधबार पठाइएको शिला रौतहटको गढीमाई नगरपालिका-४ मा सुरक्षित राखिएको छ । गढीमाई- ७ स्थित धरमपुरमा निर्माण गरिन लागेको भगवान् शिवको मूर्ति बनाउन उक्त शिला ल्याइएको नगरप्रमुख श्याम यादवले जनाएका छन् । उनका अनुसार नगरपालिकाले माघमै भगवान् शिवको मूर्ति बनाउनुपर्ने उत्तम साइत भएको प्रष्ट्याउँदै माघ



२१ गते पर्वतको जलजला गाउँपालिकालाई पत्राचार गरेपछि शिला पठाइएको छ ।

मन्दिर निर्माण समितिका पदाधिकारीहरु र कालीगण्डकी नदीका अध्येता कुलराज चालिसेसहितको टोलीले शिलाको पहिचान गरी पठाएको बताइएको छ । मुस्ताङको दामोदरकुण्डबाट उत्पत्ति भएर प्रसिद्ध धार्मिक स्थल गलेश्वर हुँदै बग्ने कालीगण्डकी नदीको शिला प्रयोग गरेर बनाइने भगवान् शिवको मूर्तिको ठूलो धार्मिक महत्व हुनुको साथै धार्मिक पर्यटन प्रवर्द्धन हुने र कालीगण्डकी नदीको थप प्रचारप्रसार समेत हुने नगरप्रमुख यादवले बताए ।

आवश्यकता
जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।
कम्प्युटर अपरेटर - १ (एक) जना
सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८